जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं।
हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १४६ • २०७९ साल कार्तिक १ गते मंगलबार (18 October, Tuesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

मधेशवादी दलका अध्यक्षहरुलाई जित्न हम्मे - हम्मे

राजेन्द्र यादव

जनकपुरधाम । मधेशवादी ठूला चार दलका अध्यक्षहरुलाई मंसिर ४ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा जित्न हम्मे- हम्मे परेको छ।

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सीके राउत र लोकतान्त्रिक समाजवादी पार्टी (तमलोपा)का अध्यक्ष वृषेशचन्द्र लाललाई निर्वाचन जित्न कठिन हुने देखिन्छ।

जसपाका अध्यक्ष यादव सप्तरी २, लोसपाका अध्यक्ष महोत्तरी ३, जनमतका अध्यक्ष राउत पनि सप्तरी २ र तमलोपाका अध्यक्ष लाल पनि महोत्तरी ३ बाट निर्वाचनमा मनोनयनपत्र दर्ता गराएका कारण चारै जनाको जित्ने सम्भावना कम देखिएको छ । तर, राजनीतिक विश्लेषकहरु जसपा अध्यक्ष यादव र लोसपा अध्यक्ष ठाकुरको मतदाताहरु उनीहरुको पक्षमा आउन सक्ने अनुमान गरेका छन्।

जसपाका अध्यक्ष यादवले गत प्रतिनिधिसभाको निर्वाचनमा सप्तरी २ वाट तत्कालीन राजपा र फोरमको गठबन्धनवाट उम्मेदवार थिए र कांग्रेसले त्यहाँ आफ्ना उम्मेदवार फिर्ता लिएपछि २१ हजार ६ सय २० मत प्राप्त गरेका थिए। राजपा र फोरमबीच गठबन्धन हुँदा राजपाका जयप्रकाश ठाकुरले स्वतन्त्रवाट उम्मेदवारी दिएर ९ हजार ४ सय ५९ मत प्राप्त गरेका थिए भने माओवादी केन्द्रका उम्मेदवार उमेश यादवले ११ हजार ५ सय ८० मत प्राप्त गरेर दोस्रो स्थान हासिल गरेका थिए। हुनत त्यो क्षेत्रवाट कांग्रेसले आफ्ना उम्मेदवार सकलदेव सुतिहारको उम्मेदवारी फिर्ता लिए पनि उनको नामले मात्रै १८ सय ४० मत प्राप्त गरेका थिए। त्यो क्षेत्रमा नेकपा एमालेका दुर्गानन्द मण्डलले १४ सय ६५ मत प्राप्त गरेका थिए।

तर, मंसिर ४ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा जसपा र नेकपा एमाले गठबन्धन तथा पाँच दलीय गठबन्धनबीच प्रतिस्पर्धा हुने भएका कारण जसपा अध्यक्ष यादवको अवस्था खराब देखिएको छ । हुनत गत बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनको मत परिणाम हेर्दा जसपा बलियो अवस्थामा देखिन्छ । तर, गत बर्षको प्रतिनिधिसभाको निर्वाचन अनुसार जसपा कमजोर छ किनभने त्यो क्षेत्रबाट जनमत पार्टीका अध्यक्ष राउतले पनि उम्मेदवारी दिएका छन् । राउत पनि त्यो क्षेत्रमा लोकप्रिय नेताको रुपमा देखिएका कारण उनले पनि राम्रो मत ल्याउन सक्ने देखिन्छ । त्यो क्षेत्रमा जसपा र लोसपाका उम्मेदवारहरुबीच कडा प्रतिस्पर्धा हुनेदेखिए पनि जनमतले कति मत ल्याउन सक्छ त्यसमा निर्भर पर्ने विश्लेषकहरुको भनाइ छ । त्यो क्षेत्रमा पाँच दलीय गठबन्धनका उम्मेदवार ठाकुर र जसपाका अध्यक्ष यादवबीच कडा प्रतिस्पर्धा देखिएको छ।

> **मधेश प्रदेशमा सप्तरीका क्षेत्र नं. २ र महोत्तरीका क्षेत्र नं. ३ मै चार वटै पार्टीका अध्यक्षहरु उम्मेदवार रहेका कारण मधेशबाट एक वा दुई वटा अध्यक्षको जित्ने सम्भावना मात्रै रहेको छ।**

त्यस्तै, अवस्था महोत्तरी निर्वाचन क्षेत्र नम्वर ३ रहेको छ । महोत्तरीमा पाँच दलीय गठबन्धनबाट लोसपाका अध्यक्ष महन्थ ठाकुर र उनकै अर्का सहयात्री तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल उम्मेदवार छन् भने जसपा-एमाले गठबन्धनबाट जसपाका नेता हरिनारायण यादव प्रतिनिधिसभाका उम्मेदवार छन् । त्यो क्षेत्रबाट लोसपाका अध्यक्ष ठाकुर गत प्रतिनिधिसभाको निर्वाचनमा २६ हजार ८ सय ४५ मत प्राप्त गरी विजयी भएका थिए। त्यो क्षेत्रमा पनि नेपाली कांग्रेसले आफ्ना उम्मेदवार फिर्ता लिएर ठाकुरलाई समर्थन गरेका थिए। ठाकुरको मतमा कांग्रेसको भारी मत रहेको त्यतिबेला अनुमान गरिएको थियो।

नेकपा एमालेका उम्मेदवार विजय चौधरीले ८ हजार ६ सय ४५ मत ल्याएर दोस्रो तथा स्वतन्त्र उम्मेदवार चन्देश्वर झाले ४ हजार २० मत ल्याएर तेस्रो स्थान हासिल गरेका थिए। तर, यस पटक लोसपा अध्यक्ष ठाकुरलाई जसपा-एमालेका उम्मेदवार यादवले तनाव दिएका छन्। साथै तमलोपाका अध्यक्ष लालले पनि राम्रो मत ल्याउन सक्ने अनुमान गरिएको छ । गत प्रतिनिधिसभाको निर्वाचनमा लोसपा अध्यक्ष ठाकुरको सारथि रहेका तमलोपा अध्यक्ष लाल यस पटक आफै उम्मेदवार बनेका छन् । उनले तमलोपा गठन गरेर ठाकुर विरुद्धनै निर्वाचनमा उठ्ने भन्दै आएका थिए।

गत स्थानीय तहको निर्वाचनमा महोत्तरी निर्वाचन क्षेत्र नम्वर ३ का मटिहानी नगरपालिका, पिपरा गाउँपालिका, जलेश्वर नगरपालिका, मनरा नगरपालिकाका ८,९ र १० तथा एकडारा गाउँपालिका लोसपाले नै जितेका थिए । यो सबै पालिकामा लोसपाका प्रमुख रहेका कारण ठाकुरको पक्षमा एक प्रकारको माहोल पनि थियो र ठाकुरलाई जिताइदिने जनतामा एउटा अपेक्षा पनि थियो । तर, यस पटक मटिहानी मात्रै लोसपाले जित्न सकेको छ । यस पटक पिपरा गाउँपालिका, जलेश्वर नगरपालिका, एकडारा गाउँपालिका जसपाले जितेको छ भने मनरासिसवा नगरपालिका नेपाली कांग्रेसले जितेको छ । यस अनुसार जसपा बलियो अवस्थामा देखिएको छ। तर त्यहाँ लोसपा अध्यक्ष ठाकुरका र जसपा नेता यादवका प्रदेशसभाका उम्मेदवारहरु रोचक फ्याक्टर बनेका छन्। लोसपा अध्यक्ष ठाकुरले निर्वाचन क्षेत्र नम्वर ३ को दुबै क्षेत्रबाट गत निर्वाचनमा जितेकै उम्मेदवार रानी शर्मा तिवारी र अभिराम शर्मालाई उम्मेदवार बनाएका छन् भने जसपा नेता यादवको एका तिर पूर्व महान्यायाधिवक्ता दीपेन्द्र झा र अर्का नेकपा एमालेका रामदयाल मण्डल प्रदेशसभाका उम्मेदवार छन्।

पूर्व महान्यायाधिवक्ता झा र एमाले उम्मेदवार मण्डलको पनि क्षेत्रमा राम्रै पकड रहेकाले त्यो क्षेत्रमा जसपाका उम्मेदवार यादव पनि बलियो अवस्थामा देखिएका छन्। राजनीतिक विश्लेषकहरु भन्छन् लोसपा अध्यक्ष ठाकुरको हाइट अनुसारको हाइट जसपा नेता यादवको नरहेका कारण लोसपा अध्यक्ष ठाकुरलाई हराउने सम्भावना कमै रहेको र उनी बलियो अवस्थामा रहेको मान्न सकिने बताउँछन्।

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ।

डेंगीका मूख्य लक्षणहरू

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
- आँखाको गेडी दुख्नु
- बेस्सरी टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने।

(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं।

छिपहरमाई गाउँपालिका
भिस्वा, पर्सा, मधेश प्रदेश

मधेश प्रदेशमा चुनावी खर्च २७ देखि ३१ लाख सम्म

टुडे समाचारदाता

जनकपुरधाम। निर्वाचन आयोगले मधेश प्रदेशका विभिन्न ८ वटा जिल्लाका ३२ वटा निर्वाचन क्षेत्रका लागि प्रतिनिधिसभाका उम्मेदवारहरुले गर्न पाउने खर्च विवरण सार्वजनिक गरेको छ।

निर्वाचन आयोगले प्रतिनिधिसभाका उम्मेदवारहरुले कम्तीमा २७ लाख र बढीमा ३१ लाख सम्म खर्च गर्न पाउने मापदण्ड विवरण सार्वजनिक गरेको छ।

विभिन्न समयमा निर्वाचन महंगो भएको गुनासो बढेपछि निर्वाचन आयोगले खर्चका लागि मापदण्ड निर्धारण गरेको छ। जस अनुसार सप्तरीका चारवटै निर्वाचन क्षेत्रका प्रतिनिधिसभाका उम्मेदवारले मात्रै २९ लाख खर्च गर्न पाउने छ भने सिरहाका चारवटै उम्मेदवारले पनि २९ लाख खर्च गर्न पाउने छन्।

त्यस्तै,धनुषाका चारवटै निर्वाचन क्षेत्रमा एउटै खर्च विवरण रहेको छ। धनुषाका चारवटै निर्वाचन क्षेत्रका उम्मेदवारहरुले २९ लाख मात्रै खर्च गर्न पाउने छ भने महोत्तरीमा पनि मात्रै २९ लाख खर्च गर्न पाउने छन्।

त्यस्तै,सर्लाहीको निर्वाचन क्षेत्र नम्वर १ र ३ का उम्मेदवारले ३१ लाख खर्च गर्न पाउने छ भने २ र ४ का उम्मेदवारले २९ लाख खर्च गर्न पाउने भएका छन्।

त्यस्तै,रौतहटका प्रतिनिधिसभाका चारवटै निर्वाचन क्षेत्रकालागि एक नासे खर्च गर्न पाउने तोकिएको छ। रौतहटका चारवटै निर्वाचन क्षेत्रका उम्मेदवारले २९ लाख खर्च गर्न पाउने भएका छन्।

त्यस्तै,बाराका निर्वाचन क्षेत्र नम्वर १ का उम्मेदवारले ३१ लाख खर्च गर्न पाउने छ भने २,३ र ४ का उम्मेदवारले २९ लाख सम्म खर्च गर्न पाउने भएका छन्।

त्यस्तै,पर्साका निर्वाचन क्षेत्र नम्वर १,२र ३ का उम्मेदवारले २७ लाख सम्म मात्र खर्च गर्न पाउने छ भने ४ का उम्मेदवारले २९ लाख खर्च गर्न पाउने निर्वाचन आयोगले जनाएको छ।

BAJAJ
LOVED IN 70 COUNTRIES
यसपालिको चाड उपहार संगै स्वरोजगार
अब बजाज RE BS6 वा Maxima C खरिद गर्दा पाउनुहोस् ३२ इन्चको Himstar LED Smart TV वा Samsung F22 स्मार्ट फोन सित्तैमा ।
Official Finance Partner: HFL HULAS FIN SERVE LTD.
BAJAJ Maxima C Rs. 6,54,900
BAJAJ RE BS6 Rs. 5,89,900
Official Insurance Partner: सगरमाथा इन्स्योरेन्स कं. लि. Sagarmatha Insurance Company Ltd.
GOLCHHA GROUP 100 YEARS OF TRUST
SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Narayanchaur, Naxal, Kathmandu Ph. No: +977-01-5909999
url: www.golchhagroup.com.np www.facebook.com/bajajRENepal
आर. एस. अटोमोबाइल्स, कटारी, ९८०७७८०११५, ०३५-४५०५४८। आर्या मोटर्स, महेन्द्रनगर, ९८४०८५३३४८, ९८०१६२३४२५। अन्भी अर्नभ, जनकपुर, ९८०७८४२६६७। अटोबजार, बर्दिबास, ९८०१९८९८९८। आर्किड्स मोटर प्रा.लि, लालबन्दी, ९८०२७७२०५२ ०४६-५०१६८७५। जय बौदि माई ट्रेडर्स, गरुडा, ९८०३४६१३२५, ०५५-५६५२१५। नित्यम् ट्रेडर्स, निजगढ, ९८५५०४४१७४, ०५३-५४००७९। अटो बजार, सिमरा, ९८१४८३३३०४। आर्किड्स मोटर प्रा.लि, बीरगञ्ज, ९८०१५९१७७७।
कुनै किसिमको सहायता चाहिएमा Bajaj 24x7 HELPLINE 16600175555 9801575555

अन्योलमा नपरी तिहार मनाउन तलेजुको आग्रह

भक्तपुर । यस वर्षको तिहार कति गतेदेखि मनाउने भन्ने अन्योल रहेको अवस्थामा भक्तपुर तलेजुले कात्तिक ७ देखि तीन दिन तिहार मनाउन आग्रह गरेको छ ।

तिहारका बारेमा जनमानसमा अन्योल र भ्रम पैदा भएको भन्दै आज तलेजुका मूल गुरु, पुजारीसहितले तिहारको शुभसाइत निर्क्यौल गर्दै कात्तिक ७, ८ र ९ गते तिहार मनाउन आग्रह गरेको हो ।

भक्तपुर तलेजुका मूल पुजारी नरेन्द्रप्रसाद जोशीले भन्नुभयो, "तिहार कहिले मनाउने भन्नेबारेमा विवाद रहेको पाइयो, त्यसैले तलेजुले साइत निकालेको छ, अब विवाद गर्नु पर्दैन, कात्तिक ७ गते लक्ष्मी पूजा, ८ गते म्ह पूजा (गोवर्दन पूजा) र ९ गते किजा पूजा अर्थात् भाइटिका गर्ने तलेजुले निर्णय गरेको छ, सोही अनुसार गर्नुहुन सबैमा आग्रह गर्दछौँ ।"

यस वर्ष कसैले ८, ९ र १० गते तिहार मनाउने र कसैले ७, ८, ९ र १० गते तिहार मनाउने भन्दै विवाद भएको थियो ।

नेपाल पञ्चाङ्ग निर्णायक समितिले क्यालेन्डर बनाउँदा सरोकारवाला निकायसँग छलफल नगरी निर्णय गर्दा केही वर्षयता यस्ता विवाद आइरहेको भन्दै जोशीले भन्नुभयो, "पञ्चाङ्ग निर्णायक समितिले चाडपर्व ,संस्कृतिको निर्णय गर्दा सरोकारवालालाई पनि राखेर निर्णय गर्न छाडेको छ, त्यसैले केही वर्षयता यस्ता समस्या आएका छन्, यसतर्फ समितिले ध्यान दिनुपर्छ ।"रासस

'भ्रस्टाचारीलाई जनताले पराजित गर्नेछ'

टुडे समाचारदाता

रौतहट । पाँच दलीय गठबन्धनबाट रौतहट निर्वाचन क्षेत्र नम्बर ३ प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकपा माओवादी केन्द्रका धीरज पटेलले हत्या हिंसा र भ्रस्टाचारीलाई जनताले पराजित गरेर देखाउने बताएका छन ।

निर्वाचन प्रचार प्रसारको क्रममा रौतहटको कटहरियामा पत्रकारहरुसंग कुरागर्दै पटेलले आफ्नो विरुद्धमा भ्रम फैलाउनेप्रति सजग हुने आग्रह गरे ।

उनले जनयुद्धको जगमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र आएको जिकिर गर्दै माओवादीमा शहीद भएका शहीदहरुको बलिदानीको गलत फायदा लिन नहुने धारणा राखे ।

१५ वर्षसम्म लूट खसोट , हत्या हिंसा र भ्रस्टाचार गरेकालाई यसपालीको निर्वाचनमा जनताले धूलो चटाउने दाबी गरे । गठवन्धनले स्वतन्त्र रुपमा उम्मेदवारी दिएका प्रभु साहलाई समर्थन गरेको कुरो अफवाह रहेकोले भ्रममा नपर्न क्षेत्रका मतदाताहरुलाई आग्रहसमेत गरे ।

पार्टीमा लामो समयको लगानी भएकोले पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले उम्मेदवार बनाएकोले आफ्नो उम्मेदवारी कायम रहेको जनाए । प्रचण्ड मुक्त नेपाल र माधव नेपाल मुक्त रौतहट बनाउने भन्ने प्रभु साह जातिवाद , परिवारवादको राजनीतिक गर्ने गरेको आरोप लगाउदै परिवर्तनको पक्षमा मतदान गर्न आग्रह गरे।

एमाले अध्यक्ष ओलीलाई प्रतिगमनकारी भन्ने साह ले मन्त्री पदको लोभ दिएपछि नेकपा एमालेमा गएको टिप्पणी गरे। बार्गेनिंग गर्ने उद्देश्यले स्वतन्त्र उम्मेदवारी दिएका साह पुनः नेकपा माओवादीमा फर्किने पहल समेत गर्ने गरेको बुझिएको छ । रौतहट निर्वाचन क्षेत्र ३ को प्रतिनिधिसभामा नेकपा माओवादी केन्द्रका उम्मेदवार पटेल रहेका छन भने प्रदेश सभा क मा नेकपा एसका नागेन्द्र यादव र प्रदेश सभा ख बाट नेपाली कांग्रेसका जिल्ला सभापति जीतेन्द्र यादव उम्मेदवार रहेका छन ।

सप्तरीको क्षेत्र नं. ४ मा त्रिपक्षीय भीडन्त

टुडे समाचारदाता

राजविराज । तीन नगरपालिका र एक गाउँपालिका रहेका सप्तरीको निर्वाचन क्षेत्र नं. ४ मा मुख्य दलका उम्मेदवारबीच नै प्रतिस्पर्धा हुने देखिएको छ ।

यहाँबाट २०७४ सालको निर्वाचनमा नेपाली कांग्रेसका तेजु लाल चौधरी प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएका थिए । उनी यस पल्ट पनि उम्मेदवारी दोहऱ्याउदै चुनावी मैदानमा उत्रेका छन् । चौधरी अहिले सत्ता गठबन्धन दलका साझा उम्मेदवार रहेका छन् ।

विपक्षी गठबन्धन जसपा-एमालेबाट यहाँ जसपाका बाल किशोर यादव चुनावी मैदानमा छन् । कानून व्यवसायीको रुपमा परिचित यादव पहिलो पल्ट प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका हुन् । यस क्षेत्रबाट जनमत पार्टीका सुकदेव साह पनि चुनावी प्रतिस्पर्धामा उत्रेका छन ।

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका मकुन चौधरी, राप्रपा नेपालका कपिलदेव यादव, नागरिक उन्मुक्ति पार्टीका देमन मियाँ, बहुजन शक्ति पार्टीका विश्वेन्दर पासमान, नेपाल आमा पार्टीका देवानन्द चौधरी, नेपाल सद्भावना पार्टीका संजोग चौधरी र राष्ट्रिय स्वतन्त्र पार्टीका मो. इरफान आलम पनि चुनावी प्रतिस्पर्धामा उत्रेका छन् ।

यस्तै, स्वतन्त्रबाट माधुरी कुमारी साह, जियाउल रहमान, शंकरलाल चौधरी, छेदीलाल पासमान, काशिम मियाँ, सुरेश कुमार चौधरी थारु पनि चुनावी मैदानमा छन् ।

सत्ता गठबन्धनका उम्मेदवार चौधरी, विपक्षी जसपा-एमाले गठबन्धनका यादव र जनमत पार्टीका उम्मेदवार साहबीच नै मुख्य प्रतिस्पर्धा हुने स्थानीय मतदाताहरुबीच चर्चा परिचर्चा छ।

चुनावी मैदानमा रहेका सबै उम्मेदवारले विकास निर्माण, स्वास्थ्य, शिक्षा र बाढी नियन्त्रण लगायतका मुद्दालाई चुनावी एजेन्डा बनाएर मतदातालाई आ-आफनो पक्षमा पार्न घरदैलो अभियान तीव्र बनाएका छन् । यस क्षेत्रमा सुरुंगा नगरपालिका, खडक नगरपालिका, बोदे वर्साईन नगरपालिका र बलान विहुल गाउँपालिका गरी चार पालिका पर्दछ।

जसमध्ये हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा नेपाली कांग्रेस, जसपा र नेकपा माओवादी केन्द्रले १/१ नगरपालिका तथा जनमतले १ गाउँपालिकाको प्रमुख पदमा जितेको छ।

यस क्षेत्रमा १ सय ३३ मतदान केन्द्र तोकिएको छ भने ५३ हजार १ सय ८० पुरुष, ५१ हजार ७ सय ८ महिला र अन्य ५ गरी कुल १ लाख ४ हजार ८ सय ९३ मतदाता रहेका छन् ।

भिभो भी २५ आकर्षक स्मार्टफोन

टुडे समाचारदाता

vivo
V25 5G | V25e
Gorgeous Portrait
Color Changing AG Glass
64MP OIS Bokeh Flare Portrait
50MP AF HD Portrait
8GB+8GB Extended RAM

काठमाण्डु । उत्साहपूर्वक व्यक्तिगत रूपमा आफूलाई अभिव्यक्त गर्न, अरु भन्दा भिन्न पहिचान बनाउँन र अरुको स्मरणमा रहने विभिन्न तरिकाहरू खोज्छौं। बढ्दो जागरूकता र आफ्नो पहिचान बनाउने दृढताको साथ युवा पुस्ताहरू आफूलाई आफूले चाहेको तरिका व्यक्त गर्न प्रतिवद्ध छन् ।

तसर्थ स्मार्टफोनहरूमा प्रदर्शन, गति, स्टोरेज, डिजाइन, र मूल्य जस्ता सबै पक्षहरुलाई मध्यनजर गर्दैन विनतम टेक्नोलोजीमा केन्द्रित हुनु बहु-आयामी हो ।

त्यसैले, एक अग्रणी स्मार्टफोन ब्रान्डको रूपमा, भिभोले आजका युवाहरूलाई उनीहरूको व्यावसायिक र व्यक्तिगत प्रयासहरूमा सशक्त बनाउन आफ्नो आविष्कारहरू समर्पित गर्दै आइरहेको छ । भीसिरिजका प्रत्येक स्मार्टफोनमा पूर्ववर्ती भन्दा केही नयाँ र अद्वितीय विशेषताहरु थप्नका साथै डिजाइन र कार्यसम्पादनकोबीचमा राम्रो सन्तुलन कायम गरेर अझ आकर्षक बनाइएको छ ।

त्यस्तै, पछिल्लो भीसिरिजका स्मार्टफोनहरू-भी २५ फाइभजी र भी २५ ईले उत्कृष्ट स्टाइल र डिजाइनमा अन्य सबैलाई उछिनेका छन् । भिभो भी २५ सिरिजमा अद्भूत कलर-चेन्जिङ ग्लास प्रविधि समावेश गरिएको छ, जसले सूर्यको प्रकाशमापर्दा स्मार्टफोनको रङलाई नयाँ रङमा परिवर्तन गर्दछ । एउटै ह्यान्डसेटमा दुईवटा रङको सम्भावनालाई समावेश गरेर, भिभोले विविधता र नवीनताको अर्थलाई पुनः परिभाषित गर्दै नयाँ उपलब्धिलाई सफलतापूर्वक मापन गरेको छ ।

भिभो भी २५ सिरिजले आफ्नो रङ परिवर्तन गर्ने प्रविधिको माध्यमबाट बोल्ड अभिव्यक्ति झल्काएको छ ।

साथै, यसले फ्ल्याट फ्रेम र फ्लोराइट एजीग्लास पनि प्रदानगर्दछ जुनफिंगरप्रिन्ट प्रतिरोधी छ रमिनिमलिस्टिक, परिष्कृत एवं स्टाइलिश लुकको साथस्थिरता सुनिश्चित गर्दछ । कार्यक्षमताको सन्दर्भमा, यी सुविधाहरूले स्मार्टफोनलाई पकड्न र बोक्न सजिलो बनाउँदछ ।

भिभोका स्मार्टफोनहरू भव्य डिजाइन, उत्कृष्ट कार्यसम्पादन र अनुपमशक्तिका पाउँन सकिन्छ । यसले आविष्कारहरूद्वारा स्मार्टफोन बजारमा आफ्नो अलग पहिचान बनाएको छ र नयाँभिभो भी २५ सिरिजले उपभोक्ताहरूलाई उद्योगकै सर्वोत्कृष्ट प्रविधि र डिजाइन उपलब्ध गराउँदै यस यात्रामाअर्को कोसेढुङ्गा बन्ने प्रतिज्ञा गरेको छ ।

चौबीस घण्टे सेवा : न बिदा न सुविधा

चितवन । दशैं र तिहारजस्ता पर्वमा सबै रमाइरहँदा नेपाल प्रहरी भने झन बढी सजगताका साथ काममा खटिनुपर्छ । सार्वजनिक बिदा होस् वा पर्व उनीहरूका लागि जुनसुकै बेला काममा जाने मनस्थितिमा तयारी रहनुपर्छ । सबैले घरघरमा पर्व मनाइरहँदा उनीहरू सडकमा जनता र देशका लागि सुरक्षा दिइरहेका हुन्छन् । यसरी खटिने प्रहरीले न शुक्रबारको आधा दिन मात्रै काम गरे पुग्छ, न बिदा र चाडपर्वमा अन्य कर्मचारीसरह बिदा पाउँछन् ।

यसो त अन्य समयमा पनि जुनसुकै बेला कामका लागि तयारी हुनुपर्दछ । परिवार सँगसँगै रहेर सेवा गर्ने मौका उनीहरूलाई कमै मात्र पाउँछन् । सरकार तलब भत्ता खुवाउने फौजीबाहेकका सबै कर्मचारीको भन्दा पृथक र कडाइका साथ उनीहरू खट्नु पर्छ । यसरी खट्दै गर्दा अन्यको भन्दा धेरै पारिश्रमिक पनि उनीहरूले पाउँदैनन् । थोरै पारिश्रमिकमा आफ्नो जीवनको उर्वर समय उनीहरूले राष्ट्रलाई दिइरहेका हुन्छन् । उनीहरूले पाउने पारिश्रमिक श्रमका आधारमा नगण्य हुने गर्दछ ।

घरपरिवारबाट टाढा रहेर रातदिन खट्ने प्रहरी जवानको पारिश्रमिक रु २६ हजार ८२ मात्रै रहेको छ । यो उनीहरूको परिश्रमको आधारमा न्यून हो । यही सङ्गठनले आज ६७ औं स्थापना दिवस विविध कार्यक्रम आयोजना गरी मनाउँदै छ । एउटा उत्सवको रुपमा प्रहरी दिवस मनाइरहँदा जिल्ला प्रहरी कार्यालय चितवनमा कार्यरत प्रहरी सहायक हवल्दार भीमबहादुर लायोमगर निकै उत्साहका साथ दिवसलाई सफल बनाउन लागि रहनुभएको छ । उहाँले भन्नुभयो, "हाम्रो लागि प्रहरी दिवस एउटा उत्सव हो । यसलाई रमाइलो गरेर मनाउनुपर्छ ।"

प्रहरी सङ्गठनभित्र काम गर्दा पाउने दुःखलाई बिर्सिएर उत्सवको रुपमा दिबस मनाउने गरेको उहाँले सुनाउनुभयो । उहाँले थप्नुभयो, "२४ घण्टा कार्यक्षेत्रमा रहँदा हुने हरेक किसिमका समस्यालाई समाधान गर्ने बानी परेको छ ।" जुनसुकै कामलाई पनि सकारात्मक रुपमा लिएर काम गर्दा सहज हुने उहाँको भनाइ छ । आफूले पाउने पारिश्रमिकको हिसाब नगरी कर्म क्षेत्रमा खटिने गरेको उहाँ बताउनुहुन्छ । लायो मगरले भन्नुभयो, "बाहिर हेर्दा आहा भए पनि भित्र काममा हुने दुःख कस्ले बुझेको छ र ।" न कुनै चाडपर्व, न कुनै समय सधै जनताको सेवामा लाग्नु पर्दा पाईने दुःखलाई बाहिरका कस्ले बुझ्ने ? उहाँले प्रश्न गर्नुभयो । रासस

विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको एशियन लाइफ इन्स्योरेन्स क. लि. को विमा लेख मिति २०७९/०४/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : संजिवनी फुयान
विमालेख नं.:६६१६००१४९५७
ठेगाना:दुधौली न.पा.-१, सिन्धुली
मो.नं.९८४४०१६८९८

निर्वाचनको १७ दिन अघि मात्रै आमसभा र कोणसभा गर्न पाइने

काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन हुने १७ दिन अगाडिपछि (कात्तिक १८) मात्रै राजनीतिक दल र उम्मेदवारले आमसभा, कोणसभा, गोष्ठी, सम्मेलनजस्ता प्रचारप्रसारका कार्यक्रमका गर्न पाउने भएका छन् ।

सो अवधिसम्म तामझाम नगरी २५ जनासम्म लिएर उम्मेदवारले मतदाताको घरदैलोमा प्रचारप्रसारका लागि जान पाउनेछन् । निर्वाचनलाई भड्किलो नबनाउन र मर्यादितरुपमा प्रचारप्रसार गराउन आयोगले राजनीतिक दलको छलफलका आधारमा निर्वाचन आचारसंहिता, २०७९ मा यस्तो व्यवस्था गरेको हो ।

आयोगले कडाइँका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न सबै जिल्लामा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत (कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख) लाई निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (२) मा सो दफाको उपदफा (१) को खण्ड (ज) विपरीत कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राखेमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी कारबाही हुने स्पष्ट व्यवस्था भएको स्मरण गराएको छ ।

आयोगले निर्वाचन आचारसंहिता विपरीत कार्य गर्ने सरकारी कर्मचारी, प्राध्यापक, शिक्षक तथा अन्य सम्बद्ध व्यक्तिलाई तत्काल विभागीय कारबाही गर्न सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिइसकेको छ ।

उम्मेदवार तथा राजनीतिक दलले निर्वाचनमा खर्च गर्दा आयोगले तोकेको सीमाभित्र रही खर्च गरे नगरेको र निर्वाचन आचारसंहिता पालना भए नभएको सम्बन्धमा तल्लो तहबाट नै निगरानी गर्नुपर्ने भएकोले उम्मेदवार तथा राजनीतिक दलले गरेको खर्च तथा आचारसंहिता पालनाको सम्बन्धमा गहन तथा सुक्ष्म रुपमा अध्ययन तथा निगरानी गरी निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई लेखी पठाएको छ ।

निर्वाचन आचारसंहिता, २०७९ को केन्द्रीय अनुगमन समितिका संयोजकसमेत रहनुभएका निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आचारसंहिताको उलङ्घन गरेको पाइए कडा कारबाही गरिने जनाउँदै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवं भयरहित बनाउन कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न र गराउन सम्बन्धित पक्षलाई निर्देशन दिइएको र उलङ्घनका घटना र उजुरीका आधारमा कारबाही प्रारम्भ भएको स्पष्ट गर्नुभयो ।

आयोगले आचारसंहिताको उलङ्घनलाई स्थलमै कारबाही गर्न केन्द्रीय र जिल्लास्थित आचारसंहिता अनुगमन समिति र अनुगन अधिकृतलाई निर्देशन दिइसकेको छ । आयुक्त भण्डारीले राजनीतिक दल तथा उम्मेदवारबाट हुनसक्ने निर्वाचन आचारसंहिता उल्लङ्घन तथा निर्वाचन खर्चका सम्बन्धमा आफ्ना स्थानीय संरचना परिचालन गरी सुक्ष्म अनुगमन गर्न र सोको विवरण आयोगमा उपलब्ध गराउन नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई निर्देशन दिएको बताउनुभयो । आचारसंहिता तथा निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ विपरीत त्यस्तो प्रचार सामग्री राखिएको, भित्ते लेखन गरिएको, तुल ब्यानर टाँगिएको, डिजिटल डिस्प्ले गरिएको, पर्चा टाँसिएको अवस्थामा सम्बन्धित उम्मेदवारलाई स्पष्टीकरण सोधी चौबीस घण्टाभित्र त्यस्तो सामग्री हटाउन वा त्यस्तो स्थान दुरुस्त गर्न लगाउने र सो बमोजिम नगरेमा निजलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) वा (४) बमोजिम जरिबाना गर्ने तथा उम्मेदवारी रद्द गर्ने कारबाही किन नगर्ने भनी स्पष्टीकरण सोधी कारबाहीको लागि सिफारिससाथ आयोगमा लेखी पठाउन पनि आयोगले निर्देशन दिएको छ।

आयोगले हाम्रो नेपाली पार्टीका विभिन्न उम्मेदवारले आफूलाई स्वतन्त्र उम्मेदवार भन्दै लौरो चिन्हबाट प्रचारप्रसार गरेको विषयमा स्पष्टीकरण सोधेको छ। रासस

तपाईंको आज

पण्डित : ब्रम जी

मेष : पारिवाहिक सुख ।
बृष : शिक्षामा उन्नति ।
मिथुन : नयाँ कार्य हुने ।
कर्कट : प्रेम प्रसंग, मित्र सुख ।
सिंह : भ्रमण अवसर हुने ।
कन्या : बौद्धिक क्षमता ।
तुला : प्रतिभा सम्पन्नता ।
वृश्चिक : धन बृद्धि सञ्चय ।
धनु : अवसर प्राप्त ।
मकर : सुख समृद्धि हुने ।
कुम्भ : पुरस्कार प्राप्त लाभ ।
मीन : वाद विवादबाट बच्नु ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू



☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२

विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६
बारुण यन्त्र (जलेश्वर)	०४४-५२००९७

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ५:०० बजे
बिहान पूजा आरती : ८:०० बजे
भोगराज लाग्ने सयम : ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो) : १२:०० बजे
मन्दिर बन्द हुने समय : १२:०० बजे
खुल्ने समय (दिउँसो) : ४००: बजे
रात्री आरती पूजा हुने समय : ९:३० बजे
रात्री मन्दिर बन्द हुने सयम : १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे

लहलहै झुलेको धान : विदेह नगरपालिका-८ बफैंमा देखिएको लहलहै झुलेको धान खेत । *तस्विर : रासस*

सहरी क्षेत्रको जनसंख्या वृद्धि



काठमाण्डु । नेपालको सहरी क्षेत्रको जनसंख्या ६६.०८ प्रतिशत पुगेको छ ।

जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार सहरी क्षेत्रमा बसोवास गर्नेको जनसङ्ख्या २०६८ को जनगणनाको परिणामभन्दा बढेको सहरी विकास मन्त्रालयका सहसचिव रामचन्द्र दङ्गालले जानकारी दिनुभयो । २०६८ सालमा सहरी क्षेत्रको जनसङ्ख्या ६३.१९ प्रतिशत थियो । त्यसबेला ग्रामीण भेगको जनसङ्ख्या ३६.८१ प्रतिशत थियो ।

संयुक्त राष्ट्र सङ्घीय मानव बसोवास कार्यक्रम (यूएन ह्याविट्याट) ले यसै महिना प्रकाशित गरेको विश्व सहरी प्रतिवेदन २०२२ मा उल्लेख भए अनुसार सहरीकरणको प्रक्रिया विकसित राष्ट्रमा धेरै देखिएको छ । ती देशमा कुल जनसङ्ख्याको ७९ प्रतिशत मानिस सहरी क्षेत्रमा बस्दछन् ।

यो दरले निरन्तरता पाए विकसित देशमा सन् २०५० सम्म सहरी क्षेत्रको जनसङ्ख्या ८७ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । सन् २०२० देखि २०२५ सम्म विकसित देशको जनसङ्ख्या वृद्धिदर ०.४६ प्रतिशत रहने अनुमान पनि प्रतिवेदनमा गरिएको छ । सन् २०३० देखि २०३५ भित्र विकसित देशमा सहरी क्षेत्रको जनसङ्ख्या ०.४० प्रतिशत पुग्ने पनि जनाइएको छ ।

अक्टोबर महिनाको पहिलो सोमबार मनाइने विश्व बसोवास दिवसका अवसरमा कार्यक्रमले यस्तो प्रतिवेदन सार्वजनिक गर्ने गरेको हो । संयुक्त राष्ट्र सङ्घीय मानव बसोवास कार्यक्रम (यूएन ह्याविट्याट) को आह्वानमा सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो सहरी विकास प्रवर्द्धन गर्ने मूल उद्देश्यले विश्वव्यापी रुपमा यो दिवस मनाउन थालिएको हो । राष्ट्र सङ्घले सन् १९८६ देखि अक्टोबर महिनाको पहिलो सोमबार यो दिवस मनाउन थालेको थियो ।

नेपालमा पनि सन् २००१ देखि यो दिवस मनाइन्छ। अक्टोबर महिनाको पहिलो सोमबार बडा दशैंको महाअष्टमी परेकाले आज तेस्रो सोमबार ‘समावेशी शहर बस्तीको आवश्यकता : सबैको साझा प्रतिबद्धता’ भन्ने नाराका साथ नेपालमा विश्व बसोवास दिवस २०७९ विविध कार्यक्रम आयोजना गरी मनाउन लागिएको पनि मन्त्रालयले जनाएको छ ।

दिगो विकास लक्ष्यको लक्ष्य १.१ ले समावेशी तथा दिगो सहरीकरण गर्ने लक्ष्य लिएको छ । दिवसका अवसरमा आज विज्ञले कार्यपत्र प्रस्तुत गर्ने गरी कार्यशाला गोष्ठी आयोजना गरिएको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा व्यवस्थित सहरी विकास, स्मार्ट सिटीलगायत विषयमा कार्यपत्र प्रस्तुत गरी त्यसमाथि टिप्पणी हुने जनाइएको छ । कार्यक्रममा विभाग, काठमाडौँ उपत्यका विकास प्राधिकरण, इञ्जिनीयरिङ अध्ययन संस्थान, काठमाण्डु र ललितपुर महानगरपालिकाका तर्फबाट कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

यस अवसरमा आवास कम्पनी लिमिटेड, युएन ह्याविट्याट, नगर विकास कोष, विभिन्न नगरपालिकाले समेत विविध कार्यक्रम आयोजना गर्न लागेको सहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ । दिगो र वतावरण मैत्री सहरी विकासमा जोड दिँदै विश्व बसोवास दिवसका कार्यक्रम गरिने भएको छ ।रासस

चितवनको १४ सय हेक्टर जग्गामा बाह्रै महिना सिँचाइ

टुडे समाचारदाता

भरतपुर। चितवनमा एक हजार चार सय हेक्टर जग्गामा डिप र स्यालो ट्युबेलमार्फत सिँचाइ उपलब्ध गराइएको छ । चितवन भूमिगत जल संयोजनात्मक जल सिँचाइ आयोजना स्थापना भएको झण्डै दुई वर्षमा १४ सय हेक्टरमा सिँचाइ उपलब्ध गराइएको हो । आयोजना प्रमुख देवकुमार स्याङबोका अनुसार जिल्लामा ५७ वटा डिप ट्युबेल र एक सय १० वटा स्यालो ट्युबेल जडान गरिएको छ।

यी क्षेत्रमा अहिले बाह्रै महिना सिँचाइको सुविधा उपलब्ध भएको प्रमुख स्याङ्बोले बताए । विशेष गरेर कुलो, नहर नभएको ठाउँमा र भएको ठाउँमा पनि बाह्रै महिना सिँचाइ उपलब्ध गराउने गरी किसानको खेतबारीमा डिप र स्यालो ट्युबेल जडान भइरहेको उनले जानकारी दिए । पश्चिम चितवनका कतिपय धानै नरोपिएका ठाउँमा पनि यस वर्ष धान रोपिएको स्याङ्बोले बताए।

आयोजनाले स्यालो ट्युबेल पूर्ण अनुदानमा उपलब्ध गराउँदै आएको छ भने डिप ट्युबेलका लागि पाँच प्रतिशत जनसहभागिता आवश्यक पर्छ । त्यसका लागि किसानले श्रमदान पनि गर्न सक्नेछन् । “चार बिघासम्म जग्गा भएको क्षेत्रमा स्यालो ट्युबेल उपलब्ध गराइएको छ, प्रमुख स्याङ्बोले भने”, किसान सानो समूह बनाएर आउने गरेका छन् ।” यस्तै, डिप ट्युबेलका लागि ३५ देखि ४० बिघा जग्गा क्षेत्रफल भए मात्र उपलब्ध गराउन सकिने उहाँले बताउनुभयो । धेरै जग्गा आवश्यक पर्ने भएका कारण पनि डिप ट्युबेलमा किसानको आकर्षण कम भएको उहाँको भनाइ छ । चितवनमा भूमिगत सिँचाइ लागू भएपछि बाह्रै महिना सिँचाइ गर्दा पनि पानीको सतह घटेको छैन । नारायणी र राप्तीको दोभान भएका कारण यहाँ पानीको समस्या नभएको आयोजना प्रमुख स्याङ्बोले बताउनुभयो । आयोजनाले यस वर्ष पनि ८० वटा स्यालो र १८ वटा डिप ट्युबेल जडान गर्ने तयारी गरेको छ। आयोजनाले मकवानपुर जिल्ला केही क्षेत्रमा पनि ट्युबेल जडानको काम गरिरहेको छ।

बाह्रै महिना आफूले चाहेको समयमा सिँचाइ गर्न पाएपछि चितवनका किसान भूमिगत सिँचाइमा आकर्षिक छन्। भरतपुर २५ को बयरघारी टोलका दिलबहादुर नेपालीले यस वर्ष आफ्नो टोलमा वर्षौंपछि राम्रोसँग धान रोपाइँ भएको छ । उनले डिप ट्युबेल जडान गरेर रोपिएको धान काटेर थेसर लगाउने तयारीमा रहेको जानकारी दिए। टोलका कतिपयले त पहिलोपटक धान रोपेको छ । टोलका ९० घरधुरीमध्ये ५० घरधुरी डिप ट्युबेलबाट लाभान्वित भएका छन् । “बाह्रै महिना पानी लगाउन पाउँदा खुसी छौँ, उनले भने”, अब सबै प्रकारका अन्न र तरकारी फलाउन सजिलो हुने भयो ।” राज्यले किसानका लागि ट्युबेल चलाउँदा लाग्ने विद्युत् महसुल पनि छुट गरिदिनुपर्ने बताए।

निर्वाचन सफल बनाउने अभियानमा लाग्न सचिव डा अर्यालको निर्देशन

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले आगामी मङ्सिर ४ गते हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सफल बनाउने अभियानमा लाग्न मातहतका निकायलाई निर्देशन दिनुभएको छ।

मन्त्रालयमा सोमबार आयोजित छलफलमा उहाँले निर्वाचनलाई स्वच्छ र भयरहित बनाउने अभियानलाई सघाउन सरकारी सञ्चार माध्यम तथा यससँग सरोकार राख्ने निकायलाई आग्रह समेत गर्नुभयो ।

सञ्चारमाध्यमले निर्वाचनसम्बन्धी आचारसंहिता कडाइका साथ पालना गर्नुपर्ने र सर्वसाधारणलाई यसबारेमा सुचित गराउनुपर्ने सचिव अर्यालले जोड दिनुभयो । छलफलमा राष्ट्रिय समाचार समिति (रासस), रेडियो नेपाल, नेपाल टेलिकम, नेपाल दूरसञ्चार प्राधिकरण, सूचना तथा प्रशारण विभागलगायत मन्त्रालय सम्बद्ध निकायका अधिकारीले निर्वाचनलाई मर्यादित बनाउने विषयमा आ-आफ्नो कार्यालयबाट भरपुर सहयोग हुने प्रतिबद्धता जनाउनुभयो । राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले निर्वाचनका समयमा समाचार लेखन तथा सम्पादनका क्रममा अपनाउनुपर्ने तथा कर्मचारीले पालना गर्नुपर्ने विषयमा गत भदौ २६ गते नै स्वनियम बनाएर ७७ जिल्लाकै कर्मचारीसमक्ष पुऱ्याइएको बताउनुभयो । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले निर्वाचनका बारेमा सरकारी सञ्चार माध्यमबाट भ्रामक तथा भड्किलो खालका प्रचार नहुने बताउनुभयो ।

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले सामाजिक सञ्जाल र अनलाइन माध्यमलाई नियमन गर्ने विषयमा यससँग सरोकार राख्ने निकायबीच सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो । गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णु सुवेदीले निर्वाचनसम्बन्धी समाचारलाई सन्तुलित बनाउन र आचारसंहिता पालना गराउने विषयमा संस्थानले छुट्टै संयन्त्र बनाएको बताउनुभयो। नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बलले निर्वाचनसम्बन्धी गतिविधिलाई प्रभावकारी बनाउन कार्यदल गठन तथा सञ्चारकर्मीका लागि तालिमलगायत कार्यक्रम गरिएको जानकारी गराउनुभयो ।रासस

डेङ्गुबाट ४८ जनाको मृत्यु

टुडे समाचारदाता

काठमाण्डु । हालसम्म डेङ्गुबाट ४८ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

गत साउनदेखि हालसम्म ४० हजार २९ जना डेङ्गु सङ्क्रमित भएका छन्। मन्त्रालयका अनुसार ७७ जिल्लामा डेङ्गु फैलिएको छ।

४६ जनामा कोरोना सङ्क्रमण

पछिल्लो २४ घन्टामा ४६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। दुई हजार दुई सय ८७ नमूना परीक्षण गर्दा सो संख्यामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

कोरोना सङ्क्रमितको कुल संख्या १० लाख एक सय ९१ पुगेको छ । सोमबार १७ जना कोरोना सङ्क्रमणमुक्त भएको मन्त्रालयको तथ्याङ्क छ । अहिलेसम्म नौ लाख ८७ हजार चार सय ६१ जना सङ्क्रमण मुक्त भएका छन् । सक्रिय सङ्क्रमितको संख्या सात सय ११ छ। हालसम्म कोरोना सङ्क्रमणबाट १२ हजार १८ जनाले ज्यान गुमाएका छन् ।

सोमबार २३ हजार नौ सय ७२ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । हालसम्म दुई करोड ३२ लाख आठ हजार चार सय ८३ जनाले खोपको पहिलो मात्रा, दुई करोड २३ लाख २४ हजार नौ सय ३३ जनाले पूर्ण मात्रा र ७९ लाख ७२ हजार सात सय ९१ जनाले खोपको अतिरिक्त मात्रा लगाएका छन् ।

सहरबस्तीको समावेशी विकास गर्न सरोकार भएका निकायको ध्यानाकर्षण

काठमाण्डु । सहरीकरण तीव्र भए पनि सहरबस्ती समावेशी विकास हुन नसकेकाले सरोकार भएका निकायको ध्यान यसतर्फ जानुपर्नेमा जोड दिइएको छ।

विश्व बसोबास दिवसका अवसरमा सहरी विकास मन्त्रालयले सोमबार आयोजना गरेको कार्यक्रमका वक्ताले पूर्वाधार भएपछि सहर बन्ने मान्यतालाई आधार बनाउँदा सहरी क्षेत्रमा समावेशी विकास हुन नसकेको गुनासो गरेका छन् । सहरी विकास मन्त्रालयका सचिव डा रमेशप्रसाद सिंहले जनसंख्या मात्र हेरेर सहर घोषणा गर्ने गरिएकाले विकासका अन्य आयाममा ध्यान जान नसकेको बताउनुभयो । जनसंख्यामात्र हेरेर नगरपालिका घोषणा गर्दा हाल सहरी क्षेत्रमा बसोबास गर्नेको सङ्ख्या ६६.०८ प्रतिशत पुगिसकेको छ । गाउँ र सहरलाई समन्वय गरेर विकास गरिनुपर्ने उहाँको भनाइ थियो । मन्त्रालयले एक सय ८५ नगरपालिकाको विस्तृत सहरी विकास योजना बनाइसकेको छ । राष्ट्रिय सहरी नीति छिटो ल्याउने गरी तयारी गरिएको सचिव सिंहले कार्यक्रममा जानकारी दिनुभयो । दिवसको यस वर्षको नारालाई पनि नीतिमा समेटिने उहाँको प्रतिबद्धता छ । ‘समावेशी सहरबस्तीको आवश्यकता : सबैको साझा प्रतिबद्धता’ भन्ने नाराका साथ नेपालमा विश्व बसोबास दिवस, २०७९ विविध कार्यक्रम आयोजना गरी मनाइएको छ।

काठमाण्डु उपत्यका विकास प्राधिकराणका विकास आयुक्त जानुका ढकालले उपत्यकाका चार कुनामा बनाइने सहरलाई समावेशीरूपमा विकास गरिने बताउनुभयो । उपत्यकाका खोला किनारमा अझै सुकुम्वासी बस्ती रहेको उल्लेख गर्नुहुँदै उहाँले त्यसलाई व्यवस्थित गर्न पनि काम भइरहेको सुनाउनुभयो ।

नेपाल नगरपालिका सङ्घका महासचिव भीमप्रसाद ढुङ्गानाले सरकारले स्मार्ट सिटी घोषणा गर्ने तर काम नगर्ने गरेकाले सहरी विकास हुन नसकेको बताउनुभयो। दुई सय ९३ नगरपालिकामा कुन-कुन नमूना छन् भनेर मन्त्रालय अनुगमनसमेत नगर्ने गरेको उहाँको गुनासो थियो। फोहर व्यवस्थापनमा देशभरका नगरपालिकामा समस्या रहेकाले त्यसको समाधानका लागि मन्त्रालय सहयोग गर्नुपर्ने नगरप्रमुख ढुङ्गानाको भनाइ थियो।

कार्यक्रममा मन्त्रालयका सहसचिवहरू रामचन्द्र दङ्गाल र पद्कुमार मैनाली, सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक सुरेन्द्रमोहन श्रेष्ठ, युएन ह्याविट्याट एसिया प्रशान्त क्षेत्रका क्षेत्रीय निर्देशक ब्रुनो डेरकन, विभागका पूर्व सहसचिव सरिता मास्के, विभागका उपमहानिर्देशक प्रकीर्ण तुलाधरलगायतले सहरलालाई समावेशीरूपमा विकास गर्न सरोकार भएका निकायले एकीकृतरूपमा काम गनुपर्नेमा जोड दिनुभएको थियो।

संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रम (युएन ह्याविट्याट)को आह्वानमा सबैका लागि उपयुक्त आवास सुनिश्चित गर्दै दिगो सहरी विकास प्रवर्द्धन गर्ने मूल उद्देश्यले विश्वव्यापीरूपमा यो दिवस मनाउन थालिएको हो । राष्ट्रसङ्घले सन् १९८६ देखि अक्टोबर महिनाको पहिलो सोमबार यो दिवस मनाउन थालेको थियो । रासस

‘मतदाताले रुचाएकै कारण चौथोपटक उम्मेदवारी दिएको हुँ’

काठमाण्डु। सत्ता गठबन्धनको तर्फबाट काठमाण्डु क्षेत्र १ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिनुभएका कांग्रेस नेता प्रकाशमान सिंहले चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गर्दै कात्तिक १ गतेदेखि चुनावी अभियान सुरु गरिने जानकारी दिनुभएको छ।

क्षेत्र नं १ अन्तर्गतको प्रदेश तथा समानुपातिक उम्मेदवार सहभागी पत्रकार सम्मेलनमा नेता सिंहले आफ्नो उम्मेदवारी क्षेत्रको जनताको चाहनाकै कारण भएको बताउनुभयो।

‘केन्द्रमा प्रभाव, क्षेत्रमा विकास’ नारा लिएर चौथोपटक मतदातासमक्ष आएको उहाँले बताउनुभयो । ‘मेरो उम्मेदवारी नै किन ? भन्ने प्रश्न उठिरहेका हुन्छन् । विश्वमै मतदाताले रुचाएसम्म उम्मेदवारले उम्मेदवारी दिने गरेका छन’, नेता सिंहले भन्नुभयो । उहाँले चुनिएपछि जनताले दिएको म्याण्डेटलाई इमान्दारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो।

म पार्टीको उपसभापति भइसकेँ, देशको उपप्रधानमन्त्रीसमेत भइसकेँ । त्यसैले क्षेत्रमा विकास गर्नेसँगै केन्द्रमा प्रभाव पार्ने उम्मेदवार म हुँ’, उहाँले भन्नुभयो। चुनावमा सिङ्गो नेपाल होमिएको भए पनि सबैको ध्यान क्षेत्रमा भएको विकास, विद्युतीय मतदानलगायतले यही रहेको उहाँले बताउनुभयो। ‘संविधान कांग्रेसकै नेतृत्वमा बन्यो । त्यसलाई संस्थागत पनि हामीले गर्‍यौँ । हामीले विकासका लागि तयार गरेको अवधारणालाई अगाडि बढाउन

कांग्रेससहितको गठबन्धनलाई मतदान गर्न आग्रह गर्दछु’, उहाँले भन्नुभयो।

नेता सिंहले मुलुकमा सङ्घीयता दिलाउने, प्रदेश र स्थानीय तहको सुनिश्चित गर्ने लगायतको काममा आफ्नो सक्रिय सहभागिता रहने जानकारी दिनुभयो । ‘शिक्षालाई गुणस्तरीय बनाएर निजीसँग प्रतिस्पर्धा गर्न योग्य बनाउने, वडामै स्वास्थ्य परीक्षण गर्ने ल्याबको व्यवस्था गर्ने, रोजगारीको सिर्जना गर्नेलगायतका धेरै अठोट लिएर भोट माग्न आउँदै छु’, नेता सिंहले भन्नुभयो ।

उहाँले शिक्षामा सुधार ल्याउँदै प्राविधिक शिक्षामा जोड दिने बताउनुभयो। उहाँले भन्नुभयो, ‘शिक्षासँगै प्राविधिक शिक्षा दिएर रोजगारीको बाटो खोल्ने छौँ । यसले रोजगारी बढाउन मद्दत गर्ने विश्वास मैले लिएको छु।’

पत्रकार सम्मेलनमा नेता सिंहसँगै प्रदेशसभातर्फका उम्मेदवार क्षेत्र नं १ (क) का उम्मेदवार दीपेन्द्र श्रेष्ठ, (ख) का उम्मेदवार सुरजचन्द्र लामिछाने, समानुपातिकतर्फका उम्मेदवार लिलेन्द्रप्रसाद प्रधान, प्रबल थापा र शान्ता ढकाल उपस्थित हुनुहुन्थ्यो ।रासस

मध्यमाञ्चल रिजनल ईन्जिनियरिङ्ग कलेज प्रा.लि.
जनकपुर-८

शैक्षिक शत्र २०७९/०८० मा डिप्लोमा इन इन्जिनियरिङ्ग तथा प्रि-डिप्लोमा इन इन्जिनियरिङ्ग तहको पूर्ण शूल्कीय तर्फ पून:प्रवेश परीक्षा संचालनका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने डिप्लोमा इन इन्जिनियरिङ्ग तथा प्रि-डिप्लोमा इन इन्जिनियरिङ्ग तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७९/०८० मा परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका नीजि स्तरमा संचालित शिक्षालयहरुले परिषद् परीक्षा नियन्त्रण कार्यलयद्वारा जारी गरिएको “डिप्लोमा तथा प्रि-डिप्लोमा भर्ना सम्बन्धी निर्देशिका २०७९” बमोजिम पूर्ण शुल्कीय तर्फ डिप्लोमा इन इन्जिनियरिङ्ग तथा प्रि-डिप्लोमा इन इन्जिनियरिङ्ग कार्यक्रमहरुमा विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुबाट मिति २०७९ कार्तिक २५ गते शुक्रवार भित्र रितपूर्वक आवेदन फाराम भर्नु भराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवेदन फारम भर्ने तथा बुझाउने सम्बन्धी विवरण :
१. पूनः प्रवेश परीक्षा शुल्क (डिप्लोमा): रु. १,५००/-
२. पूनः प्रवेश परीक्षा शुल्क (प्रि-डिप्लोमा) : रु. ५००/-
३. फाराम वितरण मिति : २०७९ कार्तिक २ गते बुधवार देखि।
४. फाराम बुझाउने अन्तिम मिति : २०७९ कार्तिक २५ गते शुक्रवार देखि।
५. परीक्षा मिति तथा समय (डिप्लोमा तह) :२०७९/०७/२९ गते मंगलवार दिउँसो १:०० बजे देखी
६. परीक्षा मिति तथा समय (प्रि-डिप्लोमा तह) :२०७९/०७/२९ गते मंगलवार बिहान ११:०० बजे देखी
७. फाराम पाइने र बुझाउने स्थान : मध्यमाञ्चल रिजनल इन्जिनियरिङ्ग कलेज प्रा.लि., जनकपुर-८
(**सम्पर्क नं**. ९८२४८०८०८१, ०४१-५२१९९१)

**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

सम्पादकीय

थ्रेस होल्डको बाध्यता

मधेशवादी दलहरुलाई निर्वाचन आयोगको बाध्यता थ्रेस होल्ड रहेको छ । मधेशका चार दल जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र जनमत पार्टी मजबुतीले निर्वाचनमा भाग लिएका छन् । तर निर्वाचनको क्रममा खसेको मतको ३ प्रतिशत मत नल्याए समानुपातिक सांसद चुन्ने मौका गुमाउने भएका छन् । जसपा र लोसपाले थ्रेस होल्डको बारेमा नसोचे पनि उनीहरुको भित्री डर थ्रेस होल्ड अवश्यनै रहेको छ। दुई दल जसपा र लोसपा गठबन्धनहरुमा रहेका छन् भने जनमत र तमलोपा गठबन्धन बाहिर रहेका छन् । यि दुबै दललाई थ्रेस होल्डको थप भार छ । तर, पार्टीका सम्वन्धित पक्षहरुले थ्रेस होल्ड पार गर्न सक्ने दाबी गर्नु उनीहरुका लागि सामान्य कुरा रहेको मान्न सकिन्छ । उनीहरुले गरेको दाबी अनुसारले पनि मतदातालाई रिझाउन सकिन्छ । ३ प्रतिशत मत नल्याउने दललाई किन मतदान गर्ने जनतामा एक प्रकारको वितृष्णा मौलाउन सक्ने भएकाले उनीहरुले दाबी गरेको हुन सक्छ। सप्तरीदेखि बारा पर्सासम्म नियालेर हेर्दा मधेशवादी दलको अवस्था खराव रहेको भन्न सकिन्छ। यस पटकको निर्वाचनमा नेपाली कांग्रेसले मधेश प्रदेशमा बढी सीट ल्याउन सक्ने अनुमान गरिएको भए पनि मधेशवादी दलहरु पनि कमजोर नदेखिए पनि गत निर्वाचनको जस्तो मतपरिणाम आउन सक्छ भन्नु कठिन नै छ। यी दलहरु प्रति जनतामा देखिएको एक प्रकारको उदासीनताले यी दलहरुलाई मानसिक रुपमा कमजोर पारेको छ। जनताको इच्छा अपेक्षा प्रदेश सरकारदेखि संघ सरकारमा पटक पटक मन्त्री बनि सकेकाहरुले पूरा गर्न नसकेका कारण जनतामा निराशा छाएको छ। मधेशवादको मुद्दा विसर्जन गरेका, प्रदेश सरकारको पाँच बर्षे कार्यकालमा धेरै विकास निर्माण तथा रोजगारी सिर्जना गर्न सक्ने अवसर पाए पनि त्यसलाई सदुपयोग गर्न नसक्नु जस्ता जस्ता कुराले यी दलका नेताहरु दबिएका छन्। पार्टीले मन्त्री, मुख्यमन्त्री बनाए पनि यिनीहरुमा नेतृत्व विकास नभएको र यिनीहरु पाएका अवसरलाई रोजगारी ठान्नु पनि एउटा गल्ती रहेको र यी कुराहरुलाई मधेशवादी दल बाहेकका दलहरुले जनतामा फैलाएका कारण मधेशवादी दलहरुलाई थ्रेस होल्ड पार गर्न पनि समस्या भएको छ। अहिले पनि समय छ विगतमा भएको मधेश आन्दोलनको एजेण्डा बोकेर जनतामा जानु र आगामी दिनमा यस्ता यस्ता गल्ती नहुने बचनबद्धता प्रगट गरेर जनताको मन जित्नु नै थ्रेस होल्ड पार गर्न सक्ने एक बाटो बाँकी रहेका कारण यसमा कमी कमजोरी गर्नु हुँदैन्।

संसदिय सँस्कृतिको सत्य

रोशन जनकपुरी

वर्तमान राजनीतिमा भ्रष्टाचार खुला रहस्य जस्तै छ । मधेश प्रदेशमा त भ्रष्टाचारका अनेकौं प्रकरणहरुले शुरुदेखी नै मिडिया र प्रदेशसभा दुबैलाई हल्लाउँदै आएको छ । गतहप्ता मधेश प्रदेशको मुख्यमन्त्री मोहम्मद लालबाबू राउत र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता तथा निवर्तमान प्रदेश सभा सदस्य परमेश्वर साहसंगै एउटा अन्तर्क्रिया कार्यक्रममा मपनि सहभागी थिएँ। जनता समाजवादी पार्टी (जसपा)का नेता मुख्यमन्त्री राउतर लोसपा नेता साह, दुबै आगामी निर्वाचनमा प्रदेशसभा सदस्यपदका उम्मेदवार हुन् । विगतमा दुबै नेताहरु संयुक्तरुपमा प्रदेश सरकारमा थिए । त्यसैले सरकारमाथी लाग्ने भ्रष्टाचारको आरोपका निसानामा दुबै हुनु स्वाभाविक थियो । त्यसैले मधेश सरकारमाथी भ्रष्टाचार, नातावाद र कृपावादको आरोपसहित प्रहार हुँदा लोसपा नेता साहलेपनि बचाउ गरिरहेका थिए । यद्यपि तुलनात्मकरुपमाबढी आलोचनात्मक प्रहारको केन्द्र मुख्यमन्त्री राउतमाथी बढी नै थिए। चौतर्फी प्रहारबाट आक्रोशित र उत्तेजित भएर उनले “यो मुलुकमा कुर्सीको निम्ती राजनीति न गर्ने को हो ?” सम्म भन्न पुगे। यसको आसय थियो यस्तो राजनीति गर्ने उनिमात्रै छैनन्, सबैले यस्तै गरिरहेका छन्।

हुन त मधेश प्रदेशको राजनीति देशको राजनीतिभन्दा भिन्न छैन। तराई मधेशको राजनीतिपनि देशको समग्र राजनीतिकै एउटा हिस्सा हो । तरपनि राजनैतिक प्रवृत्तिको दृष्टिले मधेशकेन्द्रित दलहरुले विगत निर्वाचनमा मधेशी एजेन्डाको बलमा नै प्रतिनिधि सभामा चौथो दल तथा प्रदेश सभामा सरकार बनाउन सफल भएका हुन् । विभाजित नभएको भए यिनीहरु अहिलेपनि सरकारको नेतृत्व गरिरहेका हुनेथिए, र कम्तीमा यसपटक त निश्चय नै मधेशकेन्द्रित दलहरुले प्रदेशमा सरकार बनाउने सम्भावना थियो। तर सत्तालिप्सा र आर्थिक लोभ लालचले उनिहरुलाई एकजुट रहन दिएन।

विगतको समीक्षा गर्दा, मधेशकेन्द्रित दलहरु मधेश आन्दोलनको बेला मौका छोपेर आफ्नो राजनैतिक गोटी सिद्धगर्न आएको देखिन्छ । वस्तुतः केन्द्रिय राज्यसत्ताबाट ऐतिहासिकरुपमा क्षेत्रीय शोषणमा परेका तराई मधेशका जनताहरुले मुक्ति खोजिरहेको बेला यी मधेशकेन्द्रित पार्टीका नेताहरुलाई आफ्नै समुदायका ठानेर सहजै पत्याएका थिए। होइन भने यी नेताहरुले मधेशी एजेन्डासंग शुरुदेखी नै धोका गर्दै आएका हुन् । संघीय लोकतान्त्रिक गणतन्त्रको सम्विधानमा आफूहरुलाई सम्बोधन नगरिएको भनि असन्तुष्ट तराई मधेशमा०७२सालमा नाकाबन्दीको बेला प्रहरीको गोलीबाट शहिद भएको अवस्थामा होस वासंघीय सरकारमा मन्त्री बन्ने अफर आएको अन्य अवसरहरु होस, आफैले आलोचना गर्ने तथा मधेश विरोधी भनेर तथानाम गाली र तक्मा भिडाउने पार्टी तथा नेताहरुसंग रातारात हात मिलाउनुले संसदिय राजनीतिक दलहरु जस्तै मधेशकेन्द्रित दलहरुको अवसरवादिता नै अभिव्यक्त हुन्छ । मधेशकेन्द्रित नेताहरुको यो प्रवृत्ति हालपनि उस्तै छ। स्थिति कतिसम्म अनपेक्षित छ भने कुन मधेशकेन्द्रित पार्टीका नेता कतिबेला कुन पार्टीका नेतासंग हात मिलाउन पुग्छ, भन्न गाह्रो छ। कति बेला के मिल्दैन जसपाको निम्ती एमाले र केपी ओली प्रतिगमनको प्रतीक र मधेशविरोधी हुन्छन् र शेरबहादुर देउवा, प्रचण्ड र माधवनेपाल मित्रशक्ति हुन्छन् । त्यसरी नै लोसपाको निम्ती ओली निकटका हुन्छन् । र, कतिबेला के मिल्छ, जसपा एमाले र ओलीसंग तालमेल गर्न पुग्छ, र लोसपा देउवा-प्रचण्डसंग गठबन्धन गर्न पुग्छ।

कुनै पार्टी वा नेतालाई समर्थन वा आरोपित गर्नुका पछाडी केहीऔचित्यपूर्ण राजनीतिक र वैचारिक कारणहरु हुने गर्छन् । तर जसपा होस वा लोसपा, आफ्नो राजनैतिक अडान वा स्थिति परिवर्तन गर्दा कसैले पनि यस्को औचित्य पुष्टिगर्नु आवश्यक ठान्दैनन् । वैचारिक वा राजनैतिक औचित्यता बिनाको अडान परिवर्तन अवसरवादिता बाहेक अरु केही होइन । फेरी यो मधेशकेन्द्रित दलहरुको मात्रै होइन, अहिले संसदिय वृत्तका सबै दलहरुमा यो राजनैतिक अवसरवादिता व्याप्त छ। यहाँ तराई मधेशको राजनीति, आन्दोलन र यस्का एजेन्डागत नेतृत्वको सन्दर्भ उठाइएको छ, त्यसैले जसपा, लोसपा आदिप्रति चर्चा केन्द्रित गरिएको छ। वस्तुतः वर्तमान राजनीतिमा अवसरवादिता एउटा सँस्कृतिमा विकसित भइसकेको छ र यस्ले सम्पूर्ण संसदिय राजनीतिलाई नै घेरामा लिएको छ।

> ***अवसरवादिता राजनैतिक सँस्कृतिको रुपमा विकसित भएको छ। जनतालाई पहाड, मधेश, जाति, धर्म आदि सामाजिक साँस्कृतिक विभेदको नाममा भोट बैंकको रुपमा विभाजित गर्ने प्रयत्न यस निर्वाचनमा पनि भैरहेको छ। चुनावी राजनीतिक शक्तिहरु आफ्नो फाइदाको निम्ती समाजमा विद्यमान यी नकारात्मकताहरु कायम नै राख्न चाहन्छन्।***

परिणामहरुले के देखाएको छ भने मधेशकेन्द्रित दलका नेताहरुले मधेशी एजेन्डा र जनतालाई प्रदेश र संघीय सत्ताको राजनीतिमा सफलताको निम्ती भऱ्याङ्गको रुपमा प्रयोग गरे र गरिरहेका छन्। जाति, धर्म, सँस्कृति र स्थानियताको आधारमा आफू निकटका नेताहरुको पिछलग्गुपनामा अल्झिएका कार्यकर्ता, ठेकेदार र समुदायलाई छाडिदिने हो भने विविध शोषण र भेदभावबाट मुक्तिको निम्ती आस गरेका जनसमुदायको निम्ती यो अन्यौल, उदासीनता तथा निरासाको समय हो । किनभने अहिलेवर्गीय, क्षेत्रीय, जातिय र लैङ्गिक सबैखाले मुक्तिका सिद्धान्त, विचार र एजेन्डाहरु अलपत्र छन् । शोषणका सबैरुपहरु यथावत् छन्, तर यी शोषण र विभेदबाट मुक्ति दिलाउने राजनीतिकशक्तिहरु आफ्ना राजनीति र लक्ष्यलाई बिर्सेर उही शोषण र विभेदयुक्त शासन प्रणालीभित्र सत्ता लिप्साको प्रतिस्पर्द्धामा छन्।

मधेश आन्दोलनका बेला यी दलहरु विशेष देखिएका थिए । तराई मधेशका जनताको निम्ती एजेन्डा र नेतृत्वका अनुहारहरुपनि फरक र विशिष्ट थिए। ती नेताहरुले मधेशप्रतिको विभेदबाट मुक्तिको सही नेतृत्व मधेशी अनुहारमात्र उपयुक्त छ भनेर सिकाएका थिए । एउटा राजनैतिक भाष्यको रुपमा मधेशमा यो अहिलेपनि स्थापित छ।

अपवादको रुपमा केही फरक अनुहारपनि यस एजेन्डाभित्र देखिन्छन्, तर भाष्यभने उही संकीर्ण नै हो । मधेशकेन्द्रित दलहरु चुनावी फाइदा उठाउनयो संकीर्ण र उत्तेजनात्मक भाष्य अहिलेपनि फैलाईरहेका छन् । तर परिणामहरुले के देखाएको छ भने क्षेत्रीय एजेन्डाहरु उत्पीडित वर्ग र जनसमुदायको हितको विचारप्रति समर्पित र इमान्दार भएन भने यो अन्ततः शासक र पहुँच भएको सम्पन्न वर्गको हितमा नै अवसर सृजना गर्छ । त्यसैले अनुहार होइन, राजनैतिक निष्ठाप्रति इमान्दार र नैतिक तथा उत्पीडित वर्ग र समुदायप्रतिको प्रतिबद्धता भएको राजनैतिक शक्तिको नेतृत्वमा विकसित जनताको निरन्तर सचेत संघर्षहरुले मात्र मुक्ति दिलाउन सक्छ । अहिलेको संसदिय राजनीतिमा यस्तो इमान्दारिताको अभाव छ।

नागरिकता संशोधन विधेयक पारित नभएर देशभरीमा पाँचलाख भन्दा बढी नागरिक आगामी निर्वाचनमा भोट हाल्नबाट बञ्चित हुन्छन् । योग्य नागरिकलाई बञ्चित गरेर निर्वाचनलाई लोकतान्त्रिक भन्ने आधार नै हुँदैन । यस्तोमा आफूलाई लोकतान्त्रिक भन्ने दलहरुले यस्तो नागरिक अधिकार विरोधी निर्वाचनको विरोध गर्नु पर्थ्यो।

इमान्दारी र दृढता भएको भए त यस्तो निर्वाचनमा भाग नै नलिनु पर्ने हो। कम से कम मधेशी दलहरुले त यस्को उदाहरण स्थापित गर्न सक्नु पर्थ्यो । तर राजनीतिक अवसरवादिताले राजनीतिक दलहरुको नैतिक दृढता कमजोर पार्छ । कुनैपनि मधेशकेन्द्रित दलहरुले यो उदाहरण देखाउन सकेनन् । यति मात्र कहाँ हो र! जुन राजनीतिक शक्ति र संकीर्ण राष्ट्रवादी तत्वहरुको कारण यो नागरिक संशोधन विधेयक पारित हुनसकेन, मधेशकेन्द्रित दलहरुचुनावी सीटको लोभमा तिनैसंग गठबन्धन र तालमेल गर्न पुगे। यसले राजनीतिमा जातिय, क्षेत्रीय, धार्मिक र साँस्कृतिक अनुहार होइन, शोषणबाट मुक्ति तथा जनहितको निम्ती इमान्दार उत्पीडित वर्ग र समुदायको राजनीतिक विचार र संयुक्त संघर्ष आवश्यक पर्छ भन्ने विचारलाई पुष्टि गर्छ।

यस पटकको संसदिय निर्वाचनमा के प्रजातान्त्रिक, के समाजवादी, के साम्यवादी, के राजावादी, के वामपन्थी र के दक्षिणपन्थी , सबैका अनुहारहरु समान देखिएका छन् । अवसरवादिता राजनैतिक सँस्कृतिको रुपमा विकसित भएको छ । जनतालाई पहाड, मधेश, जाति, धर्म आदि सामाजिक साँस्कृतिक विभेदको नाममा भोट बैंकको रुपमा विभाजित गर्ने प्रयत्न यस निर्वाचनमा पनि भैरहेको छ । चुनावी राजनीतिक शक्तिहरु आफ्नो फाइदाको निम्ती समाजमा विद्यमान यी नकारात्मकताहरु कायम नै राख्न चाहन्छन् । तर समाजमा विद्यमान यी समस्याहरुको हल जाति, क्षेत्र, धर्म तथा पारम्परिक साँस्कृतिकताबाट मुक्त भएर उत्पीडित वर्ग र समुदायहरु वर्गीय हितको आधारमा एकजुट नभएसम्म सम्भव छैन। यसै चेतनाको अभावमा हरेक पटकको राजनीतिक परिवर्तनहरु अन्ततः सम्पन्न वर्गको हित गर्ने शासन प्रणालीमा परिवर्तन हुने गरेको छ। हरेक पटकको असफल परिणामको कारण आम जनतामा एक खालको उदासीनता र निराशा जन्मन्छ र अन्तमा उसले राजनीतिप्रति विश्वास गर्ने छाड्छ।

राजनैतिक अवसरवादीहरु यसैको फाइदा उठाउँछन् र जनतालाई वैयक्तिक निकटताको आधारमा फकाउने प्रयास गर्छन् । माओवादीहरुको जनयुद्धको लक्ष्य होस वा मधेश आन्दोलनको पहिचान र अधिकारको एजेन्डा, दुबैसंग यही भैरहेको छ। तर सत्तामात्र सत्ता होइन, यो व्यवसाय, लगानी र नाफाको अवसरपनि हो। जस्ले जति 'कुर्सी' अर्थात् सीट जित्छ,उसले उतिनै (राजनीतिक र आर्थिक) नाफाको अवसर पाउँछ । सबैभन्दा धेरै सीट जित्नेले सरकार बनाउँछ, दोस्रो बढी सीट जित्ने प्रतिपक्ष हुन्छ र यी दुबैभन्दा कम सीट जित्ने अन्य दलहरु सरकार र प्रतिपक्षको बीचमा 'थपन' अर्थात् सन्तुलन मिलाउन गच्छे अनुसारको भूमिका खेल्छन् । मधेशकेन्द्रित दलहरु विगतभैंm आगामी निर्वाचनपछि पनि घटी बढी सन्तुलन मिलाउन 'थपन'को भूमिकामा नै रहने छन्। तात्पर्य के हो भने उनिहरु मधेशी राग जतिसुकै गाएपनि नियत र प्रवृत्तिमा फरक छैनन्। अर्को अर्थमा संसदिय राजनीतिको मूल अन्तर्यमा कुर्सी अर्थात् सत्तामा वर्चस्व विराजमान छ।

'यस मुलूकमा कुर्सीको निम्ती राजनीति न गर्ने को हो ?' भनेरगोष्ठिमा मुख्यमन्त्री राउतले जानिजानि वा आक्रोशमा होस गुमाएर, जसरीभनेपनि वर्तमान संसदिय राजनीतिको कालो सत्य यो नै हो।

के चितवनबासीले शालिग्राम पुडासैनीको घटना बिर्सिएको हो

रुषा थापा

भक्तपुर

मसिंर ४ गतेको चुनाव आउन अब धेरै दिन बाँकी छैन। अहिले जताततै एउटै कुरा रहेको छ। सार्वजनिक सवारीसाधनमा नै होस् या चिया पसलमा बच्चादेखि बुढोसम्मले एउटै कुरा गर्छन् र एउटै माग राख्छन् । अदालतले त आरोपितलाई पैसा र पहुँचमा सफाइ दियो तर अब चितवन क्षेत्र नम्बर २ का जनताले आरोपित रवि लामिछानेलाई सजाय दिन्छन् कि विजय गराउँछन् भन्ने कुराको चर्चा रहेको छ । अहिले देशैभरिका जनताहरु चितवन क्षेत्रनम्बर २ का जनताहरुले आरोपित लामिछानेलाई विजय गराउँछन् कि सजाय दिन्छन् भनेर हेरिरहेका छन् । साथै नेपालीमाथि अर्को नेपालीले कतिको भेदभाव गर्छन् भनेर पनि जनताहरु हेरिरहेका छन्। पत्रकार शालिग्राम पुडासैनीको घर नुवाकोट भएपनि केही वर्षअघि उनी चितवनमा गएर झुण्डिएर मरेका थिए र यो कुरा त हामी कसैले बिर्सिएका छैनौं होला नि त।

पुडासैनी पनि एक नेपाली नागरिक नै थिए र उनी पनि कसैको छोरा थिए। हाम्रो संविधानमा भनिएको छ, कुनै पनि बच्चा आमाको कोखबाट नेपालको भूमिमा जन्मिएपछि उसले बाँच्न पाउनुपर्छ । साथै उसको बाँच्न पाउनुपर्ने अधिकार पनि सरकारले नै सुरक्षित गर्ने गर्छ र उसलाई न्याय दिलाउन पनि सरकार नै मदत गर्ने गर्छ। तर पत्रकार शालिग्राम पुडासैनीको घटनामा यो ठयाक्कै उल्टो हुन पुगेको छ। उनको बाँच्न पाउनुपर्ने अधिकार पनि सरकारले सुरिक्षत गर्न सकेन र उनलाई न्याय पनि दिलाउन सकेन। यसबाट त अब हामीले के बुझ्ने त ? के पुडासैनी नेपाली नागरिक थिएनन् र । राज्यको चौथौं अंग समेत रहेका पत्रकार पुडासैनीलाई त सरकारले न्याय दिलाउन सकेन भने हामी सर्वसाधारणलाई सरकारले न्याय दिन्छ भनेर अब हामी कसरी विश्वास गर्ने । यस घटनाबाट त सर्वसाधारणको न्यायबाट नै विश्वार गुमेको छ। सरकारले बाँच्नुन्जेल त पुडासैनीसँग कर लियो तर मरेपछि पनि उसलाई न्याय दिएन। बाँच्नुन्जेल तै नेपाली नागरिक भनेर कर उठाउने अनि न्याय दिने बेला तै भेदभाव गर्ने। यसबाट त नेपालको कानुनमाथि नै प्रश्न उठेको छ।

अहिले देशैभरिका जनता चितवन क्षेत्रनम्बर २ का जनतालाई सोध्छन्, शालिग्राम पुडासैनीले न्याय पाउने कि नपाउने ,उसको बाँच्ने अधिकार थियो कि थिएन। साथै उनलाई मर्न बाध्य बनाउने लामिछानेलाई कानुनको दायरामा ल्याउने कि नल्याउने । लामिछानेलाई भोट दिनुअघि चितवनबासीहरुले पुडासैनीले मर्नुअघि रुदैं तयार पारेको भिडियो एक पटक हेर्नुपर्छ र भोट हाल्नुपर्छ। पुडासैनीले मर्नुअघि बनाएको भिडियोमा भनिएको छ , लामिछानेले पटकपटक दिइरहेको दबाब वा प्रेसरले गर्दा नै म मर्न बाध्य भए। यदि पुडासैनीको ठाउँमा चितवन २ नम्बरकै कुनै मानिसलाई लामिछानेले मर्न बाध्य बनाएको भए तपाइँहरु के गर्नुहुन्थ्यो । लामिछानेको विरोधमा सडकमा आउनुहुन्थ्यो कि उनलाई भोट दिनुहुन्थ्यो ? अब तपाइँहरु आफैं भन्नुहोस्। लामिछानेले त पैसा र पहुँचको आडमा न्याय नै किने। तर पत्रकार पुडासैनी त मरेको मरै भए नि त। कि पुडासैनीले मर्नुअघि बनाएको भिडियो र शव नै नक्कली थियो।

अदालत र प्रहरी प्रशासनले त पैसा खाएर लामिछानेलाई सफाइ दियो तर चितवनका जनताहरुले लामिछानेलाई सजाय दिनुपर्छ भनेर देशैभरिका जनताहरु बहस गरिरहेका छन् । लामिछाने हिजो कस्तो परिवारमा जन्मिएका थिए र आज उनले अर्बौको सम्पत्ति कताबाट कमाए भनेर त भोलिका दिन अख्तियार र शुद्धीकरण विभागले ढिलोचाँडो छानबिन गर्ला नै तर पुडासैनी त मरेको मरै भए नि त। अहिले सर्वसाधारण, नागरिक समाज, कानुन व्यवसाय, बृद्धिजीवी, पत्रकार सबै जना पुडासैनीले न्याय पाउनुपर्छ भनेर भनिरहेका छन्। तर पत्रकार पुडासैनीका घरपरिवारलाई अदालतसम्म लैजाने न कुनै वकिल नै रहेको छ त उनीहरुलाई न्याय दिलाउन कुनै संघसंस्थाले नै मदत गरेको छ।

नुवाकोटका जनताहरु पनि पुडासैनीका घरपरिवारलाई धेरैथोरै आर्थिक सहयोग गरेर अदालतसम्म लैजान सक्दैनन् र नुवाकोटका पत्रकारहरु पनि उनीहरुको विषयमा कलम लगाउन सक्दैनन् । अहिले नुवाकोटका जनताहरुले भन्दा बाहिरी जिल्लाका जनताहरुले पुडासैनीको घरपरिवारले न्याय पाउनुपर्छ भनेर भनिरहेका छन् भने नुवाकोटका सञ्चारकर्मीहरुभन्दा बाहिरी ठाउँका सञ्चारकर्मीहरु पुडासैनीको न्यायको विषयमा चासो दिइरहेका छन्। साथै नुवाकोटका सञ्चारकर्मीहरुले पुडासैनीको घरपरिवारको अवस्था, छोरा गुमाएको दुःख र राज्यबाट न्याय नपाएको पीडा बाहिर ल्याएका छैनन्। जसले गर्दा जनताहरु पनि पुडासैनीको घरपरिवारको अवस्था जान्नबाट नै वञ्चित भएका छन् । चितवनका पत्रकारहरुलाई जनता सोध्छन्, पुडासैनीले मर्नुअघि रुदैं तयार पारिएको भिडियो किन जनतालाई देखाउनुहुदैंन र जनतालाई किन अन्धकारमा राख्नुहुन्छ।

> ***कानुन सबैलाई बराबर रहन्छ तर यहाँ त पैसा हुनेले मान्छे मारेपनि सजाय नहुने र पैसा नहुनेले गल्ती नै नगरेपनि सजाय हुने। के यँही हो कानुन। जनताको मतबाट चुनिएर आएका जनप्रतिनिधिले बनाएको कानुन यँही हो। होइन भने किन आरोपितलाई सजाय हुदैंन। कि कानुनमा नै पैसा हुने र नहुनेमाथि भेदभाव गर्नुपर्छ भनेर लेखिएको छ।***

चितवनका सञ्चारकर्मीहरु पनि पुडासैनीले न्याय नपाएको विषयमा न त बोल्ने नै सक्छन् न त कलम चलाउन नै सक्छन् । साथै उनीहरु त लामिछानेलाई तपाइँको कारणले किन पुडासैनीले आत्महत्या गर्नुपऱ्यो भनेर समेत सोध्न सक्दैंनन् । पुडासैनी लामिछानेलाई आरोप लगाएर मरिसकेका छन् तर आरोपित जेलमा नबसेर पार्टी खोलेर जनताको घरघरमा भोट माग्न हिडिरहेका छन्। के यँही हो नेपालको कानुन। के यँही हुन् नेपालका सञ्चारकर्मीहरु । यदि अन्यायको विरुद्ध कलम चलाउन र बोल्न नसक्ने हो भने किन राज्यको चौथौं अंगका रुपमा परिचित हुनु।

मिडिया त राष्ट्र र जनताको ऐना हो। सत्य र लुकेका कुरा बाहिर ल्याएर जनता र राष्ट्रको आँखा खोल्ने माध्यम नै मिडिया हो । तर यता लामिछाने राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार दर्ता गरेर चितवन २ नम्बर क्षेत्रबाट चुनाव लड्ने तयारीमा छन् र जनताको घरघरमा भोट माग्न धाइरहेका छन्। तर चितवनका सञ्चारकर्मीहरु भने लामिछानेको कर्तुत जनतासमक्ष नल्याइ उनकै अघिपछि लागिरहेका छन्। लामिछाने चितवनबासीहरुलाई भ्रममा राखिरहेका छन् तर त्यहाँका सञ्चरकर्मीहरु चुपचाप हेरिरहेका छन्। यदि लामिछानेले त्यत्ति नै राम्रा काम गरेका छन् भने त्यसको बारेमा अब मिडियाहरुले पनि बाहिर ल्याउनुपर्छ । के एउटा टेलिभिजनमा ठुल्ठुल्ला आवाजले कराउँदा नै राम्रा काम वा देशको हितको काम हुन सक्छ र। उनले त टेलिभिजनमा कराएको पनि पैसा लिने गर्थे र त्यो उनको पैसा रहेको थियो । साथै उनले २०६२/६३ सालको जनआन्दोलनमा के गरे त। त्यसबेला उनी कता हराएका थिए त। खै त्यसबेला त जनता र राष्ट्र भन्दै सडकमा आएका थिएनन् त।

पैसा र पहुँच हुनेले जे पनि गर्नसक्छ भनेर फिल्महरुमा देखाइन्थ्यो तर अहिले त यो सत्य नै साबित भयो । लामिछानेसँग पैसा र पहुँच दुवै थियो जसले गर्दा उनले न्याय नै किने तर यता गरिब परिवारमा जन्मिएका पुडासैनीको आत्महत्या प्रकरण पैसा र पहुँचकै आडमा दबाइयो। उनको परिवार सबैतिरबाट एक्लियो न त जनता नै उनको पक्षमा लागे न त सञ्चारकर्मीले नै कलम चलाइदिए।

तर अहिले ढिलोभएपनि जनता सरकारसमक्ष माग गर्छन्, पुडासैनीले न्याय पाउनुपर्छ र लामिछानेलाई सजाय हुनुपर्छ। साथै पुराना मुद्दा व्युताउनुपर्छ र पुडासैनीले न्याय पाउनुपर्छ । साथै अब सञ्चारकर्मीहरुले पनि पुडासैनीलाई न्याय दिलाउन आफ्नो सक्दो प्रयास गर्नुपर्छ। किनभन्दा पुडासैनी एक नेपाली नागरिक मात्र नभइ राज्यको चौथौं अंग समेत रहेका थिए। उनी पनि देश र जनताको हितमा बोल्ने र कलम चलाउने असल, निष्पक्ष र सत्यको पछि लाग्ने पत्रकार नै त थिए नि त।

अब पुडासैनीले मर्नुअघि रुदैं तयार पारेको भिडियो सबै सञ्चारमाध्यमहरुले बाहिर ल्याउनुपर्छ र पुडासैनीको न्यायको विषयमा कलम चलाउनुपर्छ । साथै अब चितवनका सञ्चारकर्मीहरुले पनि त्यो भिडियो सार्वजनिक गर्नुपर्छ र चितवनबासीको आँखा खोल्नुपर्छ। त्यस्तै यता कानुनमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसमक्ष जनता माग गर्छन्, पुडासैनीको आरोपितलाई सजाय दिने कि नदिने, उनलाई न्याय दिने कि नदिने । साथै पुडासैनीले मर्नुअघि तयार पारिएको भिडियो कानुन मन्त्री कार्कीलाई पनि एक पटक हेरिदिन जनता आग्रह गर्छन् र कानुनमन्त्रीले मात्र नभई, राष्ट्रपति, प्रधानमन्त्री, कानुन व्यवसाय, प्रहरी प्रशासन, न्यायालय आदि सबैलाई हेरिदिन समेत जनता आग्रह गर्छन्।

त्यो भिडियो हेरिपछि त्यो भिडियो सत्य हो कि नक्कली भनेर पनि थाहापाउनुपर्छ र यदि त्यो भिडियो सत्य हो भने पुडासैनीलाई न्याय दिलाउनुपर्छ । साथै पुडासैनीले मर्नुअघि तयार पारेको भिडियो फेरि एक पटक देखाउन सञ्चारकर्मीहरुसँग जनता माग गर्छन्। कुनै पनि बच्चा आमाको कोखबाट नेपाली भूमिमा जन्मिएपछि उसको बाँच्न पाउनुपर्ने अधिकार नेपालको संविधानमा लेखिएको छ तर पत्रकार पुडासैनी किन बाँच्न पाएनन्। किन उनलाई मर्न बाध्य बनाउने लामिछानेलाई कारबाही भएन् र उनको बाँच्न पाउनुपने अधिकारसुरक्षित भएन। के देशको कानुनभन्दा माथि लामिछाने हो भनेर जनता प्रहरी प्रशासन, न्यायालय र सरकारलाई सोध्छन्। राज्यको चौथौं अंग समेत रहेका पुडासैनीले आफ्नो न्यायका लागि मर्नुअघि भिडियो तयार गरे र त्यसमा पटकपटक आरोपितको नाम बताए तर यसरी मर्दामर्दै यत्रो प्रमाण छोड्दिँदा त सरकारले उसलाई न्याय दिएन भने हामीजस्तो सिधासाधी जनतालाई त सरकारले के नै न्याय दिन्छ होला।

अब कानुनीमन्त्री कार्कीले लामिछानेलाई २४ दिनमा तारिखमा छोड्ने न्यायाधीश र लामिछानेलाई सफाइ दिने न्यायाधीशमाथि छानबिन गर्नुपर्छ र कानुनको दायरामा ल्याउनुपर्छ। पछिल्लो समय बजारमा सुनिन्छ, लामिछानेले मुद्दामा सफाइ पाउनका लागि करोडौं पैसा खर्च गरेका छन्। अनि यसबाट हामीले के बुझ्ने त। अब यस्ता न्यायाधीशहरुलाई जनताले तिरेको करबाट तलबभत्ता र सरकारी गाडी दिने कि सजाय दिने। अब आफैं भन्नुस्। अब सरकारले पनि त्यो मुद्दा फेरिपनि व्युताउने कि नव्युताउने भनेर जनता सरकारलाई सोध्छन् ।

अहिले जनताहरु भन्छन, पुडासैनीका घरपरिवारले न्याय पाउनुपर्छ र उनीहरुसँग न्याय पाउनका लागि आर्थिक छैन भने हामी सहयोग गर्न तयार छौं। के साँच्चै अब पुडासैनीले न्याय पाउलान् त ?के ढिलो भएपनि पुडासैनीले न्याय पाउलान् त ? लामिछाने कानुनको दायरामा आउलान् त ? भनेर जनताको बहस चलिरहेको छ। प्रहरी प्रशासन र अदालतले पैसा र पहुँचको आडमा नक्कली सावित गरेको भिडियो अब जनता र सञ्चारकर्मीको साथमा सत्य बाहिर निस्कन्छ भन्ने सर्वसाधारणको आश रहेको छ। अहिले जनता भन्छन्, पुडासैनीले मर्नुअघि तयार पारेको भिडियो सक्कली हो र आरोपितलाई सजाय हुनुपर्छ। पुडासैनीले मर्नुअघि तयार पारेको भिडियो हेर्दा एकको मात्र आँखाबाट आँसु नआइ सबैको आँखाबाट आँसु आउँछ। के मानिसले मर्दा पनि झुठो कुरा बोल्छ त। यदि उसलाई झुठो कुरा बोल्नु नै थियो भने किन उसले आत्महत्याको बाटो रोज्यो त।

अब भन्नुस् के त्यो भिडियो नक्कली थियो ? के त्यो शव पनि नक्कलीले नै थियो ? यदि थियो भने सावित गर्नुपऱ्यो होइन भने न्याय दिलाउनुपऱ्यो। अहिले जनता भन्छन्, धनीलाई नलाग्ने तर गरिबलाई लाग्ने, हाम्रो देशको कानुन। अहिले त लामिछानेको मनमा पुडासैनीले मर्नुअघि तयार पारेको भिडियो जनताले बिर्सिसकेका छन् भनेर परेको छ। तर अब सञ्चारकर्मीहरुले फेरिपनि त्यो भिडियो बाहिर ल्याउनुपर्छ र लामिछानेको कर्तुत जनतासमक्ष देखाउनुपर्छ। प्रहरी भन्छ , अपराधी नउम्कियोस्, निर्दोष नफसोस् । अब जनता प्रहरी प्रशासनलाई सोध्छन्, के लामिछाने निर्दोष नै हुन् , के पुडासैनीले मर्नुअघि तयार पारेको भिडियो र उनको शव नै नक्कली हो । यदि होइन भने किन लामिछानेलाई कारबाही हुदैंन। जनता नै सरकारसमक्ष माग गर्छन्, पुडासैनीको मुद्दा व्युताउनुपर्छ र छानबिन गरेर आरोपितलाई कारबाही हुनुपर्छ। होइन भने सरकारकै विरोधमा सर्वसाधारण, संघसंस्था , नागरिक समाजहरु सडकमा उत्रिने छन् ।

भनिन्छ, कानुन सबैलाई बराबर रहन्छ तर यहाँ त पैसा हुनेले मान्छे मारेपनि सजाय नहुने र पैसा नहुनेले गल्ती नै नगरेपनि सजाय हुने। के यँही हो कानुन। जनताको मतबाट चुनिएर आएका जनप्रतिनिधिले बनाएको कानुन यँही हो। होइन भने किन आरोपितलाई सजाय हुदैंन। कि कानुनमा नै पैसा हुने र नहुनेमाथि भेदभाव गर्नुपर्छ भनेर लेखिएको छ।

अब सञ्चारकर्मीहरुले पैसा र पहुँचको आडमा यो मुद्दा सेलाएको हो कि होइन भनेर सरकार र जनतासमक्ष सत्य कुरा बाहिर ल्याउनुपर्छ र कलम चलाउनुपर्छ । किनभन्दा हिजोका दिन त पुडासैनीका घरपरिवारसँग न त जनताको नै साथ थियो न त सञ्चारकर्मीको नै।

पजियार घरदैलोमा : धनुषा क्षेत्र नम्बर ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभाका उम्मेदवार डा. रंजित पजियार। *तस्विर : टुडे*

‘संविधानको रक्षा र देशको समृद्धिको नेतृत्व गठबन्धनले गर्ने’

सुर्खेत । संविधानको रक्षा र देशको समृद्धिको नेतृत्व वाम लोकतान्त्रिक गठबन्धनले गर्ने नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले बताउनुभएको छ।

निर्वाचन केन्द्रित कार्यक्रमका लागि सोमबार सुर्खेत आउनुभएका उहाँले सुर्खेत विमानस्थलमा पत्रकारसँगको कुराकानीमा अथक प्रयासपछि ल्याइएको नेपालको संविधान रक्षा र देशको समृद्धिका लागि अहिले बनेको वाम लोकतान्त्रिक गठबन्धनले मात्रै नेतृत्व गर्ने बताउनुभएको हो।

उपसभापति खड्काले भन्नुभयो, “विगतमा दुई/दुई पटक संसद् विघटन गरेर संविधान र व्यवस्थालाई नै असर पार्ने प्रयासलाई परास्त गर्न अहिलेको गठबन्धन बनेकाले संविधान र व्यवस्थाको रक्षासँगै देशको समृद्धिका लागि गठबन्धनका साझा उम्मेदवारलाई जिताउन म आग्रह गर्दछु।”

“देशलाई सुशासनयुक्त र भ्रष्टाचार मुक्त बनाउने सङ्कल्प गठबन्धनको रहेको र आगामी निर्वाचनपछि बलियो र स्थिर सरकार बनाउन पनि हाम्रा साझा उम्मेदवारलाई जिताउनुहोस्”, उहाँले भन्नुभयो।

सुर्खेत क्षेत्र नं १ को प्रतिनिधिसभाका लागि उम्मेदवारसमेत रहनुभएका उपसभापति खड्काले आगामी मङ्सिर ४ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा संविधानको रक्षा र जनताका अधिकार स्थापित गर्न नेतृत्वदायी भूमिका निर्वाह गरेका दलले जिते मात्रै अहिलेको संविधान र व्यवस्थाको रक्षा हुने बताउनुभयो।

प्रदेश र केन्द्र सरकार वाम लोकतान्त्रिक गठबन्धन बनेपछि मात्रै कर्णालीको प्रचुर सम्भावनालाई अवसरमा बदल्न सकिने बताउँदै उहाँले सुर्खेतमा आफूहरुले सुरु गरेको विकास तथा निर्माणका काम पूरा गर्न र कृषि रोजगार, शिक्षा स्वास्थ्यमा सबै नागरिकको पहुँच पुर्‍याउने काम आफ्नो ध्यानकेन्द्रित हुने उहाँको भनाइ थियो।

फरक प्रसङ्गमा उपसभापति खड्काले सुर्खेत विमानस्थल विस्तारका लागि केही प्राविधिक समस्या रहेको र यसबाट असर पर्ने नागरिकको समस्यालाई पनि बुझ्नुपर्ने बताउनुभयो। उहाँले विमानस्थल विस्तारका लागि अन्य वैकल्पिक ठाउँको पनि खोजी भएकाले यस विषयलाई लिएर राजनीति नगर्न आग्रह गर्नुभयो।रासस

‘नालापानी’ जस्ता इतिहास बोकेको फिल्म बन्नुपर्छ: सञ्चार सचिव अर्याल

काठमाण्डु।नालापानीगढीमा भएको नेपाल-अङ्ग्रेज युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाईंमा आधारित चलचित्र ‘नालापानी’ पहिलो पटक प्रदर्शन गरिएको छ।

चलचित्र विकास बोर्डको हलमा आइतबार विशेष शो का रुपमा प्रदर्शन गरिएको चलचित्र ‘नालापानी’ अवलोकन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्याललगायत विशिष्ठ व्यक्तिहरु पुग्नुभएको थियो।

चलचित्रले नयाँ नेपाल निर्माणको इतिहास अहिलेको नयाँपुस्तालाई सजिलै बुझ्ने सन्देश बोकेको चलचित्र अवलोकन पछि बिशिष्ठ ब्यक्तिहरुले प्रतिक्रिया ब्यक्त गर्नुभएको छ।

नेपाली सेनाका पूर्वप्रधानसेनापति राजेन्द्र क्षेत्री, नेपाली सेनाका बलाधिकृत जनरल शरदप्रताप राणा, केन्द्रीय चलचित्र जाँच समितिका अध्यक्ष सेवन्तक पोखरेल, नेपाल सरकारका पूर्वसचिव भीम उपाध्यायलगायतका विशिष्ट व्यक्तिले हेर्नुभएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले पर्दामा ऐतिहासिक विषयवस्तु समेटिएको हेर्न पाउँदा खुसी व्यक्त गर्नुभयो। “नेपालको इतिहास प्रष्ट हुने फिल्म बनेको रहेछ। पुर्खाको बलिदानको यथार्थ चित्रण पाएँ। नेपाल निर्माण हुँदा भोग्नुपरेको दुःख र समस्या नयाँपुस्ताले यसबाट सहजै बुझ्न सक्नेछन्”, सञ्चार सचिव डा अर्यालले भन्नुभयो। उहाँले घोषणा गरिएको ‘विशेष चलचित्र’ मार्फत दिन सकिने सुविधाका लागि पहल गर्नेसमेत बताउनुभयो।

पूर्वप्रधानसेनापति क्षेत्रीले फिल्म ‘नालापानी’ इतिहासको दस्तावेजका रुपमा रहने बताउनुभयो। उहाँले नेपाललाई स्वाधीन राख्न महिला र बालबालिकालेसमेत युद्ध लडेको इतिहासलाई जीवन्त बनाएको प्रतिक्रिया दिनुभयो। “म प्रधानसेनापति रहँदा नै फिल्म बन्ने जानकारी पाएको थिएँ। यस्ता फिल्मलाई उत्साहित गर्नुपर्छ भनेर हामीले सकेको सहयोग गरेका थियौँ”, क्षत्रीले भन्नुभयो।

केन्द्रीय चलचित्र जाँच समितिका अध्यक्ष सेवन्तक पोखरेलले राष्ट्र र राष्ट्रियताको जगेर्ना हामीले कसरी गर्न सक्छौँ भन्ने शिक्षा यसले दिएको बताउनुभयो। फिल्ममा देशभक्त खनाल, अर्जुनजङ्ग शाही, सन्तोष पन्त, मनोज शाक्य, विशाल पहारी, विजय विष्फोट, पूजना प्रधान, गीता अधिकारी, महावीर विश्वकर्मा, इशान विजु श्रेष्ठ, हिक्मत थपलिया, शारिता राजोपाध्याय, लक्ष्मी नाथ, गायत्री घिमिरे, जनक वर्तौला, विशाल श्रेष्ठ, शहिना भट्टराई, गीत विष्ट, युगजङ्ग कार्की, सिमन खड्का, सुशील खड्का (डेभिड), बाल कलाकार तेजस्वी गुरुङ, हार्दिक थपलिया, प्रनिस शाक्य, निर्माण थपलिया साथै विदेशी कलाकार एन्ड्रोइन डङ्कन, रेचल मोलेस, पल विकिन्सन र सामलगायतको अभिनय छ। फिल्मलाई रिमेश अधिकारीले निर्माण तथा निर्देशन गर्नुभएको हो।रासस

‘शान्ति र सुरक्षा विकास निर्माण तथा सुशासनको आधारशीला’

काठमाण्डु। प्रधानमन्त्री शेरबहादुर देउवाले सरकार र जनताबीचको सबैभन्दा नजिकको साथीका रुपमा नेपाल प्रहरीले जनताको सुरक्षा र सेवामा आफूलाई समर्पित गरिरहेको बताउनुभएको छ।

प्रहरी दिवस २०७९ का अवसरमा प्रहरी प्रधान कार्यालय नक्सालमा सोमबार आयोजित कार्यक्रममा उहाँले विभिन्न आरोहअवरोहकाबीच राष्ट्र र नागरिकको सुरक्षामा समर्पित प्रहरीले शान्ति सुरक्षा र अमनचयन, अपराध नियन्त्रणमा हासिल गरेको उल्लेखनीय उपलब्धि हरेक नेपालीले गर्व गर्न लायक रहेको बताउनुभयो। “नेपाल प्रहरी आजको यस अवस्थामा आइपुग्नुको पछाडि नेतृत्व पङ्क्तिमा रहेका पूर्ववर्ती पदाधिकारीको समर्पण तथा अमर प्रहरीको बलिदानले मुख्य भूमिका खेलेको छ”, उहाँले भन्नुभयो, “करिब सात दशक लामो इतिहास बोकेको प्रहरीले आजको अवस्थामा आइपुग्दा आफूलाई एक व्यावसायिक, दक्ष, अनुशासित र कतर्व्यपरायण राष्ट्रसेवकका रुपमा स्थापित गर्न सफल भएको छ।”

आन्तरिक तथा बाह्य सुरक्षा, सार्वभौम सत्ताको संरक्षण, जनताको सुरक्षालाई मध्यनजर राख्दै सरकारले मुलुकभर शान्ति, सुरक्षा अमनचयन कायम गर्ने र भयरहित वातावरण निर्माण गर्न जोड दिँदै आएको उहाँले बताउनुभयो। “शान्ति र सुरक्षा विकास निर्माण तथा सुशासनको आधारशीला हो”, प्रधानमन्त्री देउवाले भन्नुभयो।

उहाँले आफ्नो जीउज्यानको प्रवाह नगरी तोकिएको जिम्मेवारी पूरा गर्न अहोरात्र खटिने प्रहरीको योगादनको उच्च प्रशंसा गर्नुभयो। “आपतविपत्मा परेका नागरिकले सर्वप्रथम सम्झने भनेकै प्रहरीलाई हो। अशक्त, असहाय जोखिममा परेका, अपराधबाट पीडित बनेका नागरिकको साथी र उद्धारकर्ता नेपाल प्रहरी नै हो, सम्पूर्ण नागरिकको भरोसाको केन्द्र नै प्रहरी हो”, उहाँले भन्नुभयो।

प्रधानमन्त्री देउवाले २०७२ सालको विनाशकारी महाभूकम्पदेखि विश्वव्यापी महामारी कोरोना सङ्क्रमण, प्राकृतिक प्रकोप, विपद्का कुनै पनि घटनामा नागरिकको उद्धारका लागि प्रहरी, चिकित्साकर्मीले अग्रपङ्क्तिमा रहेर निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो। प्रधानमन्त्री देउवाले भन्नुभयो, “नेपाल प्रहरीको कार्यसम्पादन क्षमताको देशभित्र मात्रै होइन विदेशमा पनि प्रशंसा हुँदै आएको छ। कार्यसम्पादनका क्रममा नेपाल प्रहरीले प्रदर्शन गरेको उच्च व्यावसायिकताले नै प्रशंसा आर्जन गर्न सफल भएको हो।”

अन्तर्राष्ट्रिय शान्ति सुरक्षाप्रति नेपालको प्रतिबद्धतालाई शीरोधार्य गरी संयुक्त राष्ट्र सङ्घीय शान्ति मिसनमा प्रहरीका जवान र अधिकृत परिचालित रहेको जनाउँदै उहाँले आगामी दिनमा शान्ति मिसनमा नेपाल प्रहरीका कर्मचारीको सहभागिता र प्रतिनिधित्व बढाउन सरकार सकारात्मक रहेको बताउनुभयो। उहाँले प्रहरीको सबै सेवालाई प्रविधिमैत्री बनाउन निर्देशन दिनुभयो। “आजको युग सूचना र प्रविधिको युग हो। परम्परागत पद्धतिलाई समयानुकूल बनाउँदै सूचना र प्रविधिले सुसज्जित तुल्याउँदै सङ्गठनको प्रभाकारिता बढाउनुपर्नेछ”, उहाँले भन्नुभयो।

अपराध नियन्त्रण र अनुसन्धानको मूल जिम्मेवारी प्रहरीको भएको जनाउँदै उहाँले प्रहरीले आफ्नो मूल दायित्व इमान्दारिताका साथ निर्वाह गरेमात्र राष्ट्रको शान्तिसुरक्षा मजबुद हुँदै जाने विश्वास व्यक्त गर्नुभयो। उहाँले निष्ठावान् तथा पूर्णव्यावसायिक भई कसैको दबाब वा प्रभावमा नपरी प्रचलित ऐन नियमले दिएको अधिकार प्रयोग गरी आफ्नो जिम्मेवारी पूरा गर्न सकल दर्जालाई निर्देशन दिनुभयो।

प्रहरीको कर्तव्यपरायणता र समस्याप्रति आफू जानकार रहेको उहाँको भनाइ थियो। सीमित स्रोतसाधन र कठिनाइका बीच प्रहरीले अब्बल क्षमता प्रदर्शन गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले स्रोतसाधनयुक्त बनाई उचित तालिम दिनसकेमा प्रहरीले अझ उत्कृष्ट परिणाम दिन सक्नेमा कुनै शङ्का छैन भन्नुभयो।

“गौरवमय इतिहास बोकेको नेपाल प्रहरीलाई आगमी दिनमा थप आधुनिक, व्यावसायिक, स्रोत र साधनले सम्पन्न बनाउन सरकार प्रतिबद्ध छ”, प्रधानमन्त्री देउवाले भन्नुभयो। प्रहरीलाई आधुनिकीकरण र सुदृढीकरण गर्न सरकारले प्राथमिकता दिँदै आएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिइने विश्वास उहाँले दिलाउनुभयो।

नेपाल प्रहरीको सबै कर्मचारीको वृत्तिविकासलाई समयानकूल सुधार गरी सक्षम प्रहरी सङ्गठन निर्माणमा सबैको ध्यान जानुपर्नेमा जोड दिँदै उहाँले यसका लागि आवश्यक योजना बनाउन गृह मन्त्रालयलाई निर्देशन दिनुभयो।

स्थानीय तहको निर्वाचन शान्तिपूर्ण र निष्पक्ष वातावरणमा सम्पन्न गराउन नेपाल प्रहरीले खेलेको भूमिका प्रशंसनीय रहेको जनाउँदै प्रधानमन्त्री देउवाले आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउन कुनै कसर बाँकी नराख्ने विश्वास व्यक्त गर्नुभयो।

गृहमन्त्री बालकृष्ण खाणले नागरिकको जीउधनको रक्षा गर्ने राज्यको पहिलो कर्तव्य पालना गर्न नेपाल प्रहरीले स्थापनाकालदेखि भूमिका निर्वाह गर्दै आएको बताउनुभयो। सीमित स्रोतसाधनका बीच प्रहरीले जनताको सुरक्षा गर्दै आइरहेको जनाउँदै उहाँले भूकम्प, कोरोना महामारी र प्राकृत्तिक विपत्तिमा उद्धार तथा राहतमा खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो।

“सीमित साधनस्रोतका बीच सरकारले खटाएको स्थान तथा नागरिकलाई अप्ठ्यारो परेको अवस्थामा तत्काल प्रहरी पुग्ने गरेको छ, यसले जनताको रक्षा गर्न महत्वपूर्ण सहयोग पुगेको छ”, उहाँले भन्नुभयो। आपराधिक गतिविधिमा नयाँ आयाम थपिएको र आपराधिक गतिविधिमा प्रविधिको प्रयोगले सुरक्षा चुनौती थपेको उल्लेख गर्दै गृहमन्त्री खाणले प्रहरीको क्षमता अभिवृद्धि गर्न मन्त्रालयले तत्पर रहेको बताउनुभयो।

“प्रहरीको क्षमता अभिवृद्धि तथा मनोबल बढाउन, प्रहरी कर्मचारीको परिवारको जीवनयापन सहज बनाउन सरकारले काम गरिरहेको छ”, उहाँले भन्नुभयो, “प्रहरी जवान तथा जुनियर अधिकृतको मनोबल बढाउन वृत्तिविकासमा महत्वपूर्ण निर्णय भएका छन्।”

प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले जनता तथा राष्ट्रको सुरक्षा, विश्वव्यापी महामारी, प्राकृतिक विपत्तिलगायत अवस्थामा खेलेको भूमिकाले प्रहरीको विश्वसनीयता बढेको बताउनुभयो। गत वैशाखमा स्थानीय तहको निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गरिएको उल्लेख गर्दै उहाँले आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन कटिबद्ध रहेको बताउनुभयो।

नेपालमा अपराध गरी विदेशमा लुकेर बसेका व्यक्तिलाई ‘इन्टरपोल’को सहायतामा नियन्त्रणमा लिइएको जनाउँदै उहाँले अघिल्लो आवको तुलनामा गत आवमा आपराधिक घटनाको दर्ता १७ प्रतिशतले बढे पनि कर्तव्य मुद्दाको सङ्ख्या घटेको उहाँको भनाइ थियो।

कार्यक्रममा प्रधानमन्त्री देउवाले कर्तव्यपालनाका सिलसिलामा वीरगति प्राप्त गरेका प्रहरी कर्मचारीका एक छात्र/एक छात्रालाई ‘अच्युत-मीना अमर प्रहरी परिवार पुरस्कार तथा छात्रवृत्ति’ प्रदान गर्नुभएको थियो। प्रधानमन्त्रीले नेपाल प्रहरीको विशेष ब्युरोमा कार्यरत प्रहरी उपरीक्षक सन्तोष खड्कालाई ‘मोतिलाल बोहोरा सर्वोत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार’, “अवकाश प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक राजेन्द्रबहादुर सिंहलाई ‘लाइफटाइम अचिभमेन्ट अवार्ड’ र अन्तर प्रदेश प्रहरी कार्यदक्षता मूल्याङ्कनमा उत्कृष्ट हुने १ नं प्रदेश प्रहरी कार्यालय विराटनगरलाई ‘पुलिस व्याटन’ प्रदान गर्नुभयो।

कार्यक्रममा प्रधानमन्त्री देउवाले प्रहरी दर्पण २०७९ को लोकार्पण तथा अमर प्रहरीका आश्रित परिवारलाई कदरपत्र प्रदान गर्नुभएको थियो। सो अवसरमा प्रधानमन्त्री देउवाले अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गर्नुभएको थियो।रासस

प्रहरीलाई प्रविधिमैत्री बनाउनुपर्छ : मन्त्री कार्की

मोरङ। प्रदेश नं १ का आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले प्रहरीलाई प्रविधिमैत्री बनाएर नागरिकलाई सुरक्षाको प्रत्याभूति दिन सकिने बताउनु भएको छ।

प्रदेश प्रहरी कार्यालय नं १ विराटनगरले ६७ औँ प्रहरी दिवसको उपलक्ष्यमा सोमबार आयोजित कार्यक्रममा मन्त्री कार्कीले प्रविधिको प्रयोग गर्न राजमार्ग र मुख्य सडक क्षेत्रमा सिसीटिभी जडानकार्य भइरहेको बताउनुभयो।

मन्त्री कार्कीले प्रदेश सरकारले सुरक्षित प्रहरीबाट सुरक्षित समाज र नागरिकसमेत सुरक्षित हुने भएकाले जीर्ण रहेका प्रहरी कार्यालयहरुको मर्मतगर्न सहयोग उपलब्ध गराएको बताउनुभएको छ।

कार्यक्रममा प्रहरी दिवसको उपलक्ष्यमा अमर प्रहरी स्मारकमा माल्यार्पण, उत्कृष्ण प्रहरीलाई सम्मान गरिएको थियो।

६७ औं प्रहरी दिवस २०७९

विराटनगर महानगरपालिका प्रमुख नागेश कोइरालाले स्वदेश तथा विदेशमा शान्ति सुरक्षा कायम राख्न नेपाल प्रहरीको ठूलो योगदान रहेको बताउनुभयो।

मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले भयरहित वातावरणमा आगामी प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन सम्पन्न गर्न प्रहरीको काँधमा आएको जिम्मेवारी सफलतापूर्वाक सम्पन्न गर्ने विश्वास व्यक्त गर्नुभयो।

प्रदेश प्रहरी कार्यालयका समादेशक प्रहरी वरिष्ठ उपरीक्षकद्वय राजेश बाँस्तोला एवं जयराज सापकोटाले शान्ति सुरक्षा कायम राख्न, अपराध नियन्त्रण गर्न निरन्तरकार्य गरिरहेको धारणा राख्नुभयो।

सो अवसरमा रु एक लाख राशिको साधनादेवी उत्कृष्ण प्रहरी पुस्कारबाट प्रहरी नायब निरीक्षक भक्तबहादुर श्रेष्ठ र हबल्दार भुवेन्द्रप्रसाद यादवलाई प्रदान गरिएको थियो। यसैगरी स्व. विप्लव थापा स्मृति उत्कृष्ट ट्राफिक पुरस्कारबाट प्रहरी हबल्दार तुलसीप्रसाद पोखरेललाई नगद रु २५ हजारसहित सम्मान गरिएको थियो।रासस

प्रभावमा नपरी मतदान गर्न आग्रह

काठमाण्डु। जवाफदेहीता निगरानी समितिले आगामी मङ्सिर ४ गते हुन गइरहेको आम निर्वाचनमा मुलुकको सफल लोकतान्त्रिक भविष्य, न्याय तथा मानव अधिकारको सुनिश्चितताका लागि कुनै पनि दबाब वा प्रभावमा नपरी मतदान गर्न आग्रह गरेको छ।

समितिका संयोजक चरण प्रसाईं द्वारा सोमबार जारी विज्ञप्तिमार्फत भ्रष्टाचारी तथा आपराधिक गतिविधिमा संलग्न भएका एवं न्याय तथा मानव अधिकार विरोधी उम्मेदवारलाई भोट नहाल्न आग्रह गरेको छ।

“हरेक पाँच वर्षमा एकपटक प्राप्त यस अवसरलाई विवेकको प्रयोग गरी भ्रष्टाचारी, आपराधिक गतिविधिमा संलग्न भएका एवं न्याय तथा मानव अधिकार विरोधी उम्मेदवारलाई निरुत्साहित गर्नुपर्छ”, समितिले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “स्वच्छ छवि भएका योग्य, इमान्दार तथा न्याय र मानव अधिकारप्रति प्रतिबद्ध उम्मेदवारलाई जनप्रतिनिधि चुन्न निगरानी समिति आम मतदातालाई आग्रह गर्दछ।”

> **“हरेक पाँच वर्षमा एकपटक प्राप्त यस अवसरलाई विवेकको प्रयोग गरी भ्रष्टाचारी, आपराधिक गतिविधिमा संलग्न भएका एवं न्याय तथा मानव अधिकार विरोधी उम्मेदवारलाई निरुत्साहित गर्नुपर्छ”**

समितिले स्वतन्त्र, निष्पक्ष तथा भयमुक्त वातावरणमा मतदानद्वारा स्वच्छ छवि भएका योग्य, इमान्दार तथा लगनशील प्रतिनिधि चुन्ने अवसर प्राप्त गर्नु लोकतन्त्र तथा सुशासनको पूर्वशर्त भएको जनाएको छ। मुलुकको सुदृढ एवं दिगो लोकतान्त्रिक भविष्य स्थापित गर्ने यो एक स्वर्णीम मौका पनि भएको विज्ञप्तिमा उल्लेख छ।

“कानूनी छिद्रको फाइदा उठाएर हत्या, भ्रष्टाचार तथा अन्य गम्भीर फौजदारी आरोप लागेका तथा प्रमाणित भएका व्यक्ति पनि जनप्रतिनिधि बन्न विगतमा सफल भएका थिए”, समितिले भनेको छ, “यसबाट नेपालको लोकतान्त्रिक अभ्यास सुदृढ नभई राजनीतिक विचलन, विसङ्गति तथा विकृति बढेको, अन्तर्राष्ट्रिय छविमा आँच पुगेको र दण्डहीनता मौलाउँदै गएको निगरानी समितिको ठहर छ।”रासस

कारबाहीमा सात आतङ्ककारी मारिए

सिन्ह्वा

इस्लामावाद । पाकिस्तानमा पछिल्लो २४ घण्टामा सुरक्षाबलले दुई अलग-अलग क्षेत्रमा गरेको आतङ्ककारीविरोधी कारबाहीमा परी सात आतङ्कवादी मारिएका अधिकारीले बताएका छन् ।

आतङ्कवाद विरोधी विभाग (सिटिडी)ले आइतबार देशको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तको मस्तुङ जिल्लामा एक आतङ्कवादी लुकाउने ठाउँमा सुरक्षाबलले छापा मारेको बताएको छ। गोलीबारीको क्रममा, छ आतङ्ककारी मारिनुको साथै र अन्य तीन भागेका सिटिडीले जनाएको छ।

सीटीडीले आतङ्कवादीको लुक्ने ठाउँबाट हतियार र गोलाबारुद बरामद गरिएको बताएको छ। मारिएका आतङ्ककारीले बलुचिस्तानको राजधानी क्वेटामा संवेदनशील प्रतिष्ठानमा ठूलो आक्रमण गर्ने योजना बनाएका जनाइएको छ।

यसबाहेक, उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको बन्नु जिल्लाको जानिखेल क्षेत्रमा आइतवार एउटा खुफियामा आधारित कारबाहीमा एक आतङ्ककारी मारिए थिए। उक्त क्षेत्रका आतङ्ककारी सुरक्षाबलविरुद्ध आतङ्कवादी गतिविधिमा सक्रियरुपमा संलग्न रहेका जनाइएको छ।

खाद्य सुरक्षाका लागि थप लगानी गर्न आग्रह

सिन्ह्वा

नोम्पेन्ह । खाद्य सुरक्षाका लागि थप लगानी गर्न कम्बोडिया तथा संयुक्त राष्ट्रसङ्घीय एजेन्सीले आग्रह गरेका छन् । कम्बोडिया सरकार तथा संयुक्त राष्ट्रसङ्घीय एजेन्सी विश्व खाद्य कार्यक्रमले सो आग्रह गरेका हुन् ।



यी संस्थाले संयुक्त विज्ञप्ति प्रकाशन गरेर विश्वका देशलाई खाद्यान्न अभावको समस्या देशव्यापीरुपमा बढ्दै गएकाले यसका लागि अब सोच्नुपर्ने अवस्था आएको बताएका हुन् । आइतबार विश्व खाद्य कार्यक्रमका अवसरमा उनीहरुले विश्वका देशलाई सो आग्रह गरेका समाचारमा जनाइएको छ।

हाल विश्वमा आन्तरिक द्वन्द्वका कारण कैयौं देशबाट नागरिकले देश छोड्नुपरिरहेको अवस्था छ। त्यस्तै बाढी पहिरो आदिका कारण पनि खाद्यान्न बालीमा समस्या उत्पन्न भएकाले खाद्यान्न अभावको अवस्था देखिँदै गएको पनि सो संयुक्त विज्ञप्तिमा जनाइएको छ।

साथै हालका वर्षमा विश्वमा जलवायु परिवर्तनका कारण समस्या उत्पन्न भइरहको र यसले कुनै पनि देशका खेती प्रणालीमा नै असर गरिरहेकाले यो अवस्था आएकाले पनि खेती प्रणालीमा परिवर्तन ल्याइ नयाँ खेती प्रणालीको विकासका लागि थप लगानी गर्नुपर्ने अवस्था आएको पनि बताइएको छ।

देशले दिगो खाद्य विकास कार्यक्रम ल्याउनुपर्ने, खाद्यान्नका आपूर्तिका विधि र तरिकामा पनि परिवर्तन ल्याउनुपर्नेमा जोड दिइएको छ। आइतबार विश्व खाद्य दिवस विश्वका विभिन्न देशका खाद्यान्नको आवश्यकता, यसको उपलब्धता र आगामी दिनमा खाद्यान्नको सुनिश्चितताजस्ता विषयमा आवश्यक छलफल र परामर्श गरी मनाइएको छ।

साथै संयुक्त राष्ट्रसङ्घीय कार्यक्रमलगायतका विश्वका अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले पनि आगामी दिनमा जलवायु परिवर्तनका कारण विश्वमा खाद्यान्न अभावका थप समस्या झेल्नुपरिरहेकाले यसतर्फ सबै सचेत हुनुपर्ने सन्देश पनि यस दिवसका अवसरमा दिइएको छ।

फुल कन्टयाक्ट करातेमा चार स्वर्ण पदकसहित गण्डकी प्रदेश टिम च्याम्पियन

गण्डकी । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ अन्तर्गत फुल कन्ट्याक्ट करातेमा गण्डकी प्रदेशले चार स्वर्ण पदकसहित च्याम्पियन भएको छ।

गण्डकीले नेपाल आर्मीलाई पछि पार्दै चार स्वर्ण पदकसहित टिम च्याम्पियन भएको प्रतियोगिताका सहसंयोजक दीपक गोदारले जानकारी दिनुभयो । महिला ४० केजीमुनि तौल समूहको प्रतिस्पर्धामा गण्डकी प्रदेशकी पुष्पा केसीले स्वर्ण पदक दिलाउनुभएको हो। उहाँले सुदूरपश्चिम प्रदेशकी गरिमा पार्कीलाई पराजित गर्दै टिम च्याम्पियन बनाउन महत्वपूर्ण योगदान गर्नुभएको हो।

त्यस्तै अर्को खेलमा नेपाल आर्मी र गण्डकीले समान तीन/तीन स्वर्ण पदक जितेका थिए । करातेमा पुरुषका सात र महिलाका पाँच विधा गरी १२ विधामा भएको प्रतिस्पर्धामा गण्डकीले पुरुषफर्तको ३०-४०, ४५-५० तौल समूहमा स्वर्ण र महिलातर्फको ५०-५५ तौल समूहमा एक स्वर्ण जितेको हो। त्यसैगरी नेपाल आर्मीले खुला तौल समूह पुरुष, महिला र ६०-६५ केजी तौल पुरुषमा समूहमा स्वर्ण जितेको हो।

खेलमा पुरुषतर्फको खुला तौल समूहमा नेपाल आर्मीका विजय सिंहले स्वर्ण जित्नुभएको हो । उहाँले गण्डकीका रुपक नेपालीलाई फाइनलमा पराजित गरी स्वर्ण हात पार्नुभएको हो।

पुरुषतर्फकै ६०-६५ केजी तौल समूहमा पनि नेपाल आर्मीका सनी सिंहले स्वर्ण जित्नुभएको छ । उहाँले गण्डकीका शिव भुजेललाई पराजित गरी स्वर्ण जित्नुभएको हो । भुजेलले रजत पदक जित्नुभएको हो। पुरुषतर्फकै ५५-६० केजी तौल समूहमा नेपाल प्रहरीका सुशन लामिछानेले स्वर्ण र नेपाल आर्मीका विकास गुरुङले रजत पदक जित्नुभएको हो।

पुरुषतर्फकै ५०-५५ केजी तौल समूहमा मधेस प्रदेशका धरमिन्दर रामले स्वर्ण प्राप्त गर्नुभयो भने नेपाल आर्मीका चोकबहादुर बुढाथोकीले रजत प्राप्त गर्नुभयो।

यसैगरी ४५-५० केजी तौल समूहमा गण्डकीका अनिष बुढामगरले बागमतीका विजय राइलाई पराजित गरी स्वर्ण हात पार्नुभयो। ४०-४५ केजी तौल समूहमा सशस्त्र प्रहरीका सुनिल तामाङले स्वर्ण जितेका छन् भने आर्मीका राजकुमार यादवले रजत हात पार्नुभयो। पुरुषतर्फको ३५-४० तौल समूहमा गण्डकीका अभिषेक डिमडुङले नेपाल आर्मीका सागर थिङलाई फाइनलमा पराजित गरी स्वर्ण जित्नुभयो। थिङले रजत पदक पाउनुभयो।

महिलातर्फको खुला तौल समूहमा नेपाल आर्मीका मञ्जु विकले स्वर्ण पदक जितेकी छन्। उनले बागमती प्रदेशकी निशा बोहोरालाई पराजित गरी स्वर्ण जित्नुभयो भने बोहोराले रजत पदक पाइन्। ५०-५५ केजी तौल समूहमा गण्डकीकी धनी रानामगरले नेपाल आर्मीका पत्रिका चन्दलाई पराजित गरी स्वर्ण जित्न सफल हुनुभयो भने चन्दले रजत पदकमा चित्त बुझाउनुपर्‍यो।

४५-५० केजी तौल समूहमा वागमती प्रदेशकी नवीना धमालले सशस्त्र प्रहरीकी करिष्मा कार्कीलाई पराजित गरी स्वर्ण जित्दा कार्कीले रजत पदक जित्नुभयो । ४० देखि ४५ केजी तौल समूहमा सशस्त्र प्रहरीकी रिना माझीले नेपाल प्रहरीकी अञ्जना ढुंगेललाई पराजित गरी स्वर्ण जित्नुभयो भने ढुंगेलले रजत पदक हात पार्नुभयो। पोखराको प्रदर्शनी केन्द्रमा भएको प्रतिस्पर्धा खेलमा सातवटै प्रदेश, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल आर्मी र एनआएनए गरी ११ टिम सहभागी भएका थिए। अन्तर्राष्ट्रियस्तरको रिङ निर्माण गरी अन्तर्राष्ट्रिय नियमअनुसार प्रतिस्पर्धा गराइएको थियो।रासस

जेलमा आगलागी हुँदा आठ जनाको मृत्यु

सिन्ह्वा

तेहरान। तेहरानको इभिन कारागारमा आइतबार भएको आगलागीमा परी मृत्यु हुनेको संख्या आठ पुगेको छ। थप चार कैदीको गम्भीर चोटका कारण अस्पतालमा मृत्यु भएको अर्ध सरकारी समाचार एजेन्सी तस्निमले सोमबार जनाएको छ।

इरानी न्यायपालिकाको मिडिया सेन्टरलाई उद्धृत गर्दै बताइएअनुसार अन्य छ जनाको अझै अस्पतालमा उपचार भइरहेको छ।

घटनाको रात कारागारका अधिकारी, प्रहरी बल र आपतकालीन कर्मचारीले ७० भन्दा बढी थुनुवालाई आगलागीबाट उद्धार गरेको प्रतिवेदनमा उल्लेख छ । यसअघिका रिपोर्टहरूका अनुसार वार्डमा कैदीहरूबीच चोरी र आर्थिक अभियोगमा झडप भएपछि ठूलो आगो सल्किएको थियो जुन जेलको टेलरिङ कार्यशालामा समेत फैलिएको थियो।

इरानको इभिन जेलमा आगलागी हुँदा ज्यान गुमाउनेको सङ्ख्या आठ पुग्यो

एएफपी

तेहरान । तेहरानको इभिन कारागारमा शनिबार राति भएको आगलागीमा परी मृत्यु हुनेको सङ्ख्या आठ पुगेको जनाइएको छ । यस कारागार आगलागीमा परी शुरुमा चार कैदीको मृत्यु हुनाका साथै अन्य ६१ जना घाइते भएको सरकारी समाचार एजेन्सी इरनाले आइतबार जनाएको थियो।

'इभिन कारागारको वार्डका केही कैदीबीच शनिबार राति भएको झडप र आगलागीपछि सो दुर्घटना भएको हो । विषाक्त धुवाँबाट निसास्सिएर मृत्यु भएका चार कैदीलाई चोरीको अभियोगमा दोषी ठहर गरिएको थियो र उनीहरूले इभिन जेलमा सजाय भोगिरहेका थिए।

घाइते ६१ मध्ये ५१ जनाको क्लिनिकमा उपचार गरिएको थियो भने १० जनालाई अस्पतालमा भर्ना गरिएको थियो । प्रतिवेदनअनुसार चोटपटकको जोखिममा रहेका ७० भन्दाबढी कैदीलाई बचाइएको थियो। अस्पताल भर्ना गरिएका घाइते चार जनाको मृत्यु भएपछि मृतकको सङ्ख्या आठ पुगेको जनाइएको छ।

बारुलाको टोकाइले ४२ विद्यार्थी अस्पताल भर्ना

सिन्ह्वा

कोलम्बा। उत्तरी श्रीलङ्काका करिब ४२ विद्यार्थीलाई बारुलाको आक्रमणपछि अस्पताल भर्ना गरिएको छ।

भावुनियाको विद्यालय भवन नजिकैको रुखमा रहेको बारुलाको गुँडमा बाधा पुगेपछि वरपरका मानिसहरूलाई आक्रमण गर्न थालेको शिक्षक तथा अभिभावकले सञ्चारमाध्यमलाई बताएका छन्।

पीडितहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको र केही विद्यार्थीहरूको अवस्था गम्भीर रहेको अस्पतालका प्रवक्ताले जानकारी दिएका छन्।

शिक्षक र अभिभावकले तुरुन्तै विद्यालय खाली नगरेको भए अझै धेरै दुर्घटना हुनसक्ने प्रत्यक्षदर्शीले बताएका छन्।

जिल्लामा प्रत्येक वर्ष यस्ता केही आक्रमण हुने गरेको र स्थानीय प्रहरीले यस्ता घटनाविरुद्ध कारबाही गर्न वन्यजन्तु अधिकारीलाई आग्रह गर्ने रेका छन्।

अर्थमन्त्रीले आफ्नो नीति समर्थन परिमार्जन गर्न आइएमएफलाई आग्रह

एएनआई

वाशिङ्टन । पाकिस्तानका अर्थमन्त्री इशाक दारले आइतबार अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ) र बहुपक्षीय दातालाई विनाशकारी बाढीको बीचमा आफ्नो नीति सहयोग परिमार्जन गर्न आग्रह गर्नुभएको छ।

मध्यपूर्व, उत्तर अफ्रिका, अफगानिस्तान र पाकिस्तानको बैठकमा बोल्दै मन्त्रीले बाढी प्रकोपका कारण उत्पन्न भएको पाकिस्तानको अवस्थाप्रति आफ्नो प्रतिक्रिया परिमार्जन गर्न आईएमएफलाई आग्रह गर्नुभएको जियो न्यूजले जनाएको छ।

उहाँले कार्यक्रम पूरा गर्न पाकिस्तानको प्रतिबद्धताको सङ्गठनलाई आश्वासन दिँदै आईएमएफबाट थप नीतिगत सहयोगको लागि आग्रह गर्नुभएको हो । वासिङ्टन भ्रमणका क्रममा दारले धेरै महत्वपूर्ण भेटघाट गर्नुभएको थियो।



यसवर्षको मनसुनी वर्षामा आएको बाढी र पहिरोका कारण निकै क्षति पुगेकाले पाकिस्तान यतिबेला निकै अप्ठेरो अवस्थाबाट गुज्रिरहेको पाकिस्तानका प्रधानमन्त्री सहबाज सरिफले बताउनुभएको थियो।

उहाँले पाकिस्तानमा आएको बाढीले बाटोघाटोका साथै अन्य अत्यावश्यक भौतिक संरचनामा पनि क्षति पुगेको र अहिले विस्तारै त्यसको पुनर्निर्माण गर्दै अघि बढेको प्रधानमन्त्री सरिफले बताउनुभएको हो।

आइतबार पाकिस्तानमा पनि मनाइएको विश्व खाद्य दिवसका अवसरमा इस्लामावादमा सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको भएको थियो। प्रधानमन्त्री सरिफले यसवर्षको मनसुन पाकिस्तानमा निकै नै विनासक भएर आएको र यसले पाकिस्तानको जनजीवनलाई निकै नै क्षति पुर्‍याएको बताउनु भएको थियो।

उहाँले यस प्राकृतिक बिपत्तिले पाकिस्तानको कम्तीमा पनि तीन करोड ३० लाखभन्दा बढी जनसङ्ख्यालाई प्रभावित पारेको, भौतिक सम्पत्तिको ठूलो क्षति गरेको र ती भौतिक संरचनाको निर्माणका लागि पाकिस्तानले विदेशी सहयोग आदिबाट सुरुआत गरेको पनि बताउनुभयो । आइतबार विश्व खाद्य दिवस विश्वका विभिन्न देशका खाद्यान्नको आवश्यकता, यसको उपलब्धता, आगामी दिनमा खाद्यान्नको सुनिश्चितताजस्ता विषयमा आवश्यक छलफल र परामर्श गरी मनाइएको छ।

साथै संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम लगायतका विश्वका अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले पनि आगामी दिनमा जलवायु परिवर्तनका कारण विश्वमा खाद्यान्न अभावका थप समस्या झेल्नुपरिरहेकाले यसतर्फ सबै सचेत हुनुपर्ने सन्देश पनि यस दिवसका अवसरमा दिइएको छ।

त्यस अवसरमा प्रधानमन्त्री सरिफले जलवायु परिवर्तनका कारण आगामी दिनमा यस्तो प्राकृतिक बिपत्ति थप आउन सक्ने भन्दै यसबाट बच्ने र खाद्यान्न अभावका समस्याबाट बच्ने उपायहरुको अवलम्बन गर्नका लागि विश्वले नै सचेत भएर काम गर्नुपर्नेमा जोड दिनुभएको छ।

शारीरिक सुगठनमा गण्डकीलाई दुई स्वर्ण

कास्की । नवौं राष्ट्रिय खेलकुद अन्तर्गत शारीरिक सुगठनमा आयोजक गण्डकी प्रदेशले दुई स्वर्ण जितेको छ । पोखरा सभागृहमा भएको खेलमा आर्मीले पनि दुई स्वर्ण जित्न सफल भएको छ भने नेपाल पुलिस क्लबले एक स्वर्ण जितेको हो।

गण्डकीले ५५ र ६५ किलो समूहमा स्वर्ण जित्दा आर्मीले ७० र ७५ किलो समूहमा स्वर्ण हात पारेको हो भने, पुलिसले ६० किलो तौल समूहमा स्वर्ण जितेको हो। पोखरा सभागृहमा भएको शारीरिक सुगठनतर्फको ५५ किलोग्राम तौल समूहमा गण्डकीका विवेक हमालले स्वर्ण जित्नुभएको हो । यस्तै बागमतीका दिनेश गोसाईंले रजत र आर्मीका रमेश फोम्बोले कास्य पदकमा जित्नुभयो । स्वर्णका लागि प्रि-जर्ज राउण्डबाट छनोट भएका पाँच जनाबाट हमाल विजेता बन्नुभएको हो।

यस्तै ६० किलो तौल समूहमा नेपाल पुलिसका डेबिड बलामीले स्वर्ण, एपीएफका किसन दिवाकरले रजत र लुम्बिनी प्रदेशका सुनिल आलले कास्य पदक जित्नुभयो । उहाँहरूसँगै यो विधामा प्रदेश १ का सन्देश राई र नेपाल आर्मीका जलबहादुर चौधरी उत्कृष्ट पाँचमा पर्नुभएको थियो।

६५ किलो तौल समूहमा गण्डकी प्रदेशका अशिम गुरुङले स्वर्ण जित्नु हुँदा लुम्बिनी प्रदेशका नवराज डुम्रेले रजत र सुदूरपश्चिम प्रदेशका सुनिल चन्दले कास्य पदक ल्याउनुभयो। सो विधामा एपीएफका सेमान्त कडारा र आर्मीका निशान शाही उत्कृष्ट पाँचमा हुनुहुन्थ्यो । ७० किलो तौल समूहमा नेपाल आर्मीले स्वर्ण जितेको हो । सो तौल समूहमा आर्मीका प्रज्वलमान शाक्य, मधेस प्रदेशका किरण यादव, लुम्बिनी प्रदेशका वृजेन्द्रमान श्रेष्ठ र गण्डकी प्रदेशका निश्चल केसी उत्कृष्टमा पाँचमा थिए। सो तौल समूहमा आर्मीका शाक्यले स्वर्ण जित्दा मधेस प्रदेशले रजत र लुम्बिनी प्रदेशले कास्य पदक जितेको हो।

आइतबार भएको ७५ किलो तौल समूहमा नेपाल आर्मीले स्वर्ण जित्नुभएको छ । उहाँले मधेस प्रदेशका शनि अजाम, बागमती प्रदेशका योगशराज शाही, सुदूरपश्चिम प्रदेशका लक्ष्मीदत्त पन्त र लुम्बिनी प्रदेशका आकाश रानालाई पछि पार्नुभएको हो । ७५ किलो तौल समूहमा मधेस प्रदेशले रजत र बागमती प्रदेशले कास्य पदक जितेको हो।

प्रत्येक तौल समूहका खेलाडीबीच प्रि-जर्ज गरी उत्कृष्ट पाँचबाट फाइनल खेलाएको शारीरिक सुगठन खेल उपसमिति संयोजक शिवलाल श्रेष्ठले जानकारी दिनुभयो । शारीरिक सुगठनतर्फ ८० र ८० किलोग्राम माथिको इभेण्टसँगै फिजिक्स एक सय ७० सेमी र एक सय ७० सेमीमाथिको विधामा प्रतिस्पर्धा हुनेछ । भने महिलाहरूले खुला र फिजिक्स खुल्लामा प्रतिस्पर्धा पनि सोमबार हुने संयोजक श्रेष्ठले जानकारी दिनुभयो।

प्रतियोगितामा प्रदेश एक, मधेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेश, त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बलको एपीएफ, नेपाल पुलिस क्लबका ९४ खेलाडीले सहभागिता जनाउनुभएको छ। शारीरिक सुगठनमा महिला र पुरुषको सबै विधामा ११ स्वर्णका लागि प्रतिस्पर्धा हुँदैछ।

स्टान्डर्ड एकल फाइनल समिकरण पूरा

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत आर्चरी खेलमा स्टान्डर्ड (३० मिटर) विधाको एकल पुरुष र महिलातर्फ फाइनल समिकरण पूरा भएको छ । स्टान्डर्ड एकल पुरुषतर्फ नेपाल पुलिसका नगेन्द्र आचार्य र गण्डकीका दुर्गा घर्तीमगर फाइनलमा प्रतिष्पर्धा गर्नेछन्।

पहिलो सेमिफाइनलमा पुलिसका नगेन्द्रले गण्डकीका कृष्ण भण्डारीलाई ७-३ सेटमा हराउनुभयो । यस्तै, दोस्रो सेमिफाइनलमा गण्डकीका दुर्गा घर्ती मगरले बाग्मतीका फारमसेन शेरचनलाई ६-४ को सेटमा पराजित गर्नुभएको हो।

एकलतर्फ प्रदेश १ की योगिता कामवाङले नेपाल आर्मीकी खड्गकुमारी थापा मगर विरुद्ध ७-३ को सेटमा जीत दर्ता गर्नुभएको हो । यस्तै, अर्को सेमिफाइनलमा एपीएफकी सोनुजया राईले नेपाल आर्मीकी शारदा विकलाई ६-४ सेटमा पराजित गर्दै फाइनल प्रवेश गर्नुभयो।

वरियता निर्धारणका क्रममा पुरुषतर्फ पहिलो स्थानका दुर्गा घर्तीमगर र दोस्रो स्थानका नगेन्द्र आचार्य दुवै फाइनल पुग्नुभयो । महिलातर्फ सोनु जया र योगिता कामवाङ फाइनल पुग्नुभएको हो।

वरियता निर्धारण

आर्चरीकै रिकर्भ मेन र कम्पाउण्ड वुमनतर्फको र्‍याङकिङ राउण्ड सकिएको छ। रिकर्भ (७० मिटर) पुरुषतर्फ गण्डकीका गङ्गाबहादुर कुँवर पहिलो वरियतामा रहनुभएको छ । यस्तै, पुलिसका तिलक पुन ६३५ स्कोर र गण्डकीका असिम शेरचन ६३० अङ्कका साथ तेस्रो स्थानमा हुनुहुन्छ।

कम्पाउण्ड (५० मिटर) महिलातर्फको विधामा एपीएफकी पार्षदा आचार्य छ सय ६१ अङ्कका साथ वरियताको शीर्ष स्थानमा रहनुभएको छ। आर्मीकी इमायुङ राई छ सय २७ स्कोरका साथ दोस्रो वरियतामा रहनुभएको छ । यस्तै, छ सय ११ स्कोरका साथ निर्मला राई कामवाङ तेस्रो स्थानमा हुनुहुन्छ।रासस

रुसी 'कामिकाजे ड्रोन'द्वारा किभमा आक्रमण

एएफपी

युक्रेन । रुसले सोमबार बिहान किभमा ' कामिकाजे ड्रोन' मानवरहित विमान आक्रमण गरेको छ । युक्रेनी राष्ट्रपतिले यस आक्रमणलाई झण्डै आठ महिनादेखि हजारौंको ज्यान लिने युद्धमा निराशाको कार्यरूपमा वर्णन गरेको छ।

किभमा सोमबार बिहान ६:३५ बजे पहिलो विस्फोट हुनुभन्दा केही समयअघि हवाई आक्रमणको साइरन बजेको र त्यसपछि देशका अधिकांश भागमा साइरन बजेको बताइएको छ।

'राजधानीमा कामिकाजे ड्रोनद्वारा हमला गरिएको छ,' राष्ट्रपतिका चीफ अफ स्टाफ एन्ड्री यर्माकले सामाजिक सञ्जालमा भन्नुभएको छ।

'हामीलाई थप वायु रक्षा प्रणाली, सकेसम्म चाँडो चाहिन्छ । आकाशको रक्षा गर्न र शत्रुलाई नष्ट गर्न थप हतियार चाहिएको' उहाँले बताउनुभएको छ। रसियाले युक्रेनको राजधानी र देशका विभिन्न सहरमा क्षेप्यास्त्र आक्रमणको ठूलो लहर जारी गरेको एक हप्तापछि आक्रमण भएका जनाइएको छ।

किभका मेयर भिटाली क्लिट्स्कोले ड्रोन आक्रमणले केन्द्रीय शेभचेन्किभ्स्की जिल्लाका धेरै भवनमा आगो लागेको र त्यहाँका बासिन्दालाई शरण लिन चेतावनी दिएको बताउनु भएको छ।

रुसी आक्रमणले युक्रेनीलाई तोड्न सक्दैन : जेलेन्स्की

सिन्ह्वा

किभ । रुसले आफ्नो देशमा ड्रोन र क्षेप्यास्त्र आक्रमण सुरु गरेर युक्रेनीलाई तोड्न नसक्ने युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले सोमबार बताउनु भएको छ।

रातभरि र बिहानै, शत्रुले गरेको आक्रमणले युक्रेनी नागरिकलाई आतङ्कित गरेको छ । रुसले कामिकाजे ड्रोन र क्षेप्यास्त्रले युक्रेनमा आक्रमण गरिरहेका छन्।

दुश्मनले हाम्रा सहरमा आक्रमण गर्न सक्छ तर हामीलाई तोड्न सक्नेछैन्' उहाँले बताउनु भएको छ।

राजधानीका मेयरले दुई जना भग्नावशेषमुनि फसेका र किभको एउटा आवासीय भवनमा क्षति पुगेको पुष्टि गर्नुभएको छ।

सङ्कटमा मादल व्यवसाय

ढोरपाटन ।बागलुङ ढोरपाटनका मीनबहादुर दर्जी मादल बनाउन निकै सिपालु हुनुहुन्छ । उहाँले मादल बनाएर जीविकोपार्जन गर्दै आएको २० वर्ष पूरा भयो । दर्जीले मादल व्यवसायबाटै नौ जनाको परिवार पाल्दै आउनुभएको थियो तर, अहिले मादल बिक्न छोडेपछि गिट्टी कुट्ने र बालुवा बोक्ने गर्नुहुन्छ । मादल व्यवसाय सङ्कटमा परेपछि दर्जीले पेसा बदल्नुपरेको हो । बाउ, बाजे र दाइहरूबाट सिकेको सीपले उहाँलाई सात वर्ष अगाडिसम्म परिवार पाल्न सहज थियो । अहिले छोराहरू विदेश पलायन भए भने छोरीहरू बिहे गरी सके ।

उहाँले आफूसँग भएको सिप नबिकेपछि पेसा परिवर्तन गर्नुपरेको दुखेसो गर्नुभयो । उहाँ भन्नुहुन्छ, “मलाई पाँचा/सात वर्ष पहिलेसम्म परिवार चलाउन समस्या थिएन, मादल बिक्री गरेरै नौ जनाको परिवार चलाएको थिए, छोराछोरी पढाएको थिए, अहिले दुई जनाको पेट पाल्न पनि अरु काम गर्नुपर्छ, मादल बिक्री हुँदैन, बिक्री नहुने काम किन गर्ने भनेर त्यो काम गर्न छोडेँ, अहिले गिट्टी बालुवा कुटेर पेट पालेको छु ।”

पहिले बाह्रैँ महिना मादलको माग बढ्ने गरेको र पछि-पछि चाडबाडको बेला ग्राहक आउने गरेको जनाउँदै अहिले मादल बिक्रीनै नहुने उहाँको भनाइ छ । उहाँले कुनै बेला आफूलाई मादल बनाउन भ्याइनभ्याइ हुनेको गरेको स्मरण गर्दै अहिले केही ग्राहक आएपछि आफूले पहिले बनाएर राखेका मादल बेच्ने गरेको बताउनुभयो । अहिले मादलको मूल्यसमेत घटेको दर्जी बताउनुहुन्छ ।

“मेरो पसलमा पहिले बाह्रैमास मादल किन्ने आउँथे, हरेक महिना कम्तीमा पनि १० वटा मादल बिक्री गर्थ्यौं, मलाई मादल बनाउन भ्याइनभ्याइ हुन्थ्यो, बिहान उठेदेखि रातिसम्म नसुतुन्जेलसम्म मादल बनाइरहन्थे कमाइ पनि राम्रो हुन्थ्यो, वर्षमा झण्डै रु पाँच लाख कमाइ गर्थे, मूल्य पनि राम्रै पर्थ्यो”, उहाँले भन्नुभयो, “अहिले मादल किन्न बेला मौकामा एक/दुई जना मान्छे आउँछन्, उनीहरूलाई पहिले बनाएको मादल दिएर पठाउँछु, पहिलेको जस्तो मूल्य पनि पर्दैन, मैले एउटा मादलको रु १२ सयदेखि पाँच हजारसम्ममा बेच्ने गर्थे ।”

दर्जीले तिहारको बेला मादलको बढी माग हुने गरेको बताउनुभयो । गाउँ तथा सहरमा देउसीभैलो खेल्नेले मादल किन्ने गरेको भन्दै अहिले मादलको सट्टा ठूला-ठूलो साउण्ड सिस्टम किन्ने गरेको दर्जीको भनाइ छ । “तिहार आयो की मादल किन्नेको भीड लाग्थ्यो मेरो पसलमा, अहिले मादल किन्नभन्दा ठूला-ठूला स्पिकर किन्छन्, तिहारको गीत पनि गाउँदैनन्, कलाकारले गाएको गीत बजाएर नाच्ने गर्छन्, यसले त देउसीभैलो खेल्ने प्रचलनमा पनि विकृति ल्याएको छ”, उहाँले भन्नुभयो ।

निसीखोला गाउँपालिका-५ का कुलबहादुर नेपालीले पनि मादल व्यवसाय गरेको १४ वर्ष भयो । उहाँको पनि अचेल मादल कमै बिक्री हुन्छ । वार्षिक आठ सय बढी मादल बेच्ने नेपालीले अहिले ५० वटा पनि बिक्री गर्न नसकेको बताउनुभयो । पहिले आफ्नो पसलमा निसीखोलासँगै, ढोरपाटन, तमान, रोल्पा र रुकुमदेखि मादल किन्ने ग्राहक आउने गरेको स्मरण गर्दै अहिले पसल सुनासन रहेको बताउनुभयो ।

“चार वर्षौं भइसक्यो मादल निकै कम बिक्छन्, तिहार आउने बेला अलिअलि बिक्री त हुन्छ, यस बेला मात्रै मादल बेचेर दुई महिना पनि खान पुग्दैन, तिहारको बेला त मादल किन्ने ग्राहकको लाइन हुन्थ्यो, मादल पुराउनै सकिन्नथ्यो, अहिले हेर्नुस् त यति धेरै मादल बनाएँ, बिक्री नै हुँदैनन्” नेपालीले भन्नुभयो, “वर्षभरि मादल बनायो, बिक्री हुन्न, अब अरुनै काम गर्नुपर्ने भयो, अब यसबाट परिवार पाल्न सकिने भएन ।”

नेपालीले सूचना र प्रविधिको विकासका कारण मादल बिक्रीमा कमी आएको बताउनुभयो । उहाँले मादल मौलिकता र परम्परासँग जोडिएको बाजा भएको भन्दै आधुनिकताले मादल व्यवसाय पनि सङ्कटमा पर्न थालेको बताउनुहुन्छ । अहिले चाडबाड तथा मेला महोत्सवमा मादल, बाजा बज्नै छोडे र बाजाको ठाउँमा ठूलाठूला स्पिकर र साउण्ड सिस्टमको प्रयोग हुन थालेको नेपालीको भनाइ छ ।

“आजभन्दा १० वर्ष पहिले गाउँमा मादलको महत्व निकै थियो, मेला महोत्सव, विवाह व्रतबन्धमा मादल घन्किने गर्थे, विद्युत्को पहुँच थिएन, माइक, स्पिकर र राउण्ड सिस्टमको आएका थिएनन्, अहिले गाउँ-गाउँमा बिजुली बलेका छन्, बिजुली आएपछि मादलको माग घट्यो”, उहाँले भन्नुभयो, “अब मादल र बाजा हराउँदै जाने सम्भावना छ, मेला महोत्सवमा पनि बाजा र मादल बज्न छोडे ।”

गाउँ-गाउँमा सूचना प्रविधिको पहुँच पुगेपछि मादल व्यवसायी विस्थापित हुने अवस्थामा पुगेपछि बजारमा विद्युतीय सामग्रीको माग बढी रहेको व्यवसायी बताउँछन् ।

बागलुङको दोस्रो व्यापारिक केन्द्र बुर्तिबाङ बजारमा विद्युतीय सामग्री बेच्दै आउनुभएका जीवन शर्माले पछिल्लो समय ठूला-ठूला साउण्ड सिस्टम र माइकको माग निकै बढेको बताउनुभयो । उहाँले पहिले-पहिले चाडबाडको समयमा मादलको बिक्री अत्यधिक हुने गरेकोमा अहिले मादल कम र साउण्ड सिस्टम धेरै बिक्री हुने गरेको बताउनुभयो । उहाँ भन्नुहुन्छ, “अहिले बजारमा साना-ठूला साउण्ड सिस्टमको माग निकै बढी रहेको छ, अझ यो तिहारको बेलामा त झन बढी माग हुने गरेको छ, पहिले-पहिले मादल बेच्ने व्यापारीलाई भ्याइनभ्याइ हुन्थ्यो, अहिले उनीहरूको व्यवसाय सुक्दै गएको छ, अहिले त मेला महोत्सव जताततै साउण्ड सिस्टम घन्किन्छन्, मादल त बज्नै छोडे, केही वर्ष अगाडिसम्म त गाउँमा जाँदा मादल बाजा घन्किने गरेको पाइन्थ्यो, अहिले त जताततै साउण्ड सिस्टममा गीत मात्रै सुनिन्छन् ।”रासस

अर्घाखाँची सिमेन्टले गर्‍यो औपचारिक निर्यातको थालनी

काठमाण्डु । सरकारले चालू आर्थिक वर्षको बजेटमा गरेको व्यवस्थाअनुसार नै उद्योगी तथा व्यवसायीले भारततर्फ सिमेन्ट निर्यात सुरु गरेका छन् ।

यसअघि नै तानसेन सिमेन्ट भारत निर्यात भएको थियो।यसैक्रममा सोमबारदेखि अर्घाखाँची सिमेन्टले आफ्नो उत्पादनको औपचारिक निर्यातको थालनी गरेको छ । रुपन्देहीको मैनहियास्थित कारखानामा एक कार्यक्रमको आयोजना गरी कम्पनीले भारततर्फ पहिलो लटमा एक हजार चार सय बोरा (७० टन) ‘पोर्टल्यान्ड पोजोलान सिमेन्ट’ (पिपिसी) सिमेन्ट निर्यात गरेको हो । कम्पनीका अनुसार भारतको नौतनवा, महाराजगञ्जस्थित शिभान्स एसोसिएट्सले पहिलोपल्ट अर्घाखाँचीको उत्पादन खरिद गरेको हो ।

“भारतीय बजारतर्फको निकासीमा यो पहिलो कदम हो । सरकारले प्रदान गरेको आठ प्रतिशत अनुदानले यो उपलब्धि सम्भव भएको हो । यसले भारतसँगको व्यापार घाटा कम गर्नमा सहयोग पुग्नेछ”, अर्घाखाँची सिमेन्टका प्रबन्ध निर्देशक राजेशकुमार अग्रवाल बताउनुहुन्छ ।

त्यसैगरी अर्घाखाँची सिमेन्टका सञ्चालक तथा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष पशुपति मुरारकाले उद्योग सुरु भएदेखि निर्यात गर्ने सपना पूरा भएको बताउनुभयो । “अब मेरो चाहना उद्योगले उत्पादन गर्ने अधिकांश सिमेन्ट भारत निकासी होस् भन्ने हो”, उहाँले भन्नुभयो ।

मुरारकाका अनुसार भारतका उत्तर प्रदेश, विहार, पश्चिम बङ्गाललगायत क्षेत्रमा चुनढुङ्गा खानी छैन । त्यही बजार उपयोग गर्न भारत निर्यात थालिएको हो । यस अवसरलाई नेपालका सम्पूर्ण सिमेन्ट उत्पादकले उपभोग गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

सिमेन्ट निर्यात अझै बढाउन सरकारले भारतबाट कोइला आयात गर्ने वातावरण मिलाइदिनुपर्ने उहाँको भनाइ छ । भारतको ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड्सले अर्घाखाँची सिमेन्ट लिमिटेडको उत्पादन अर्घाखाँची सिमेन्टलाई गुणस्तर सम्बन्धि इन्डियन स्ट्यान्डर्ड्स इन्स्टिच्युट (आइएसआई) मार्क दिएपछि नेपालबाट सिमेन्ट निर्यात हुन थालेको हो ।

कम्पनीले ओपिसी, पिपिसी र क्लिङ्कर निर्यातका लागि आइएसआई मार्क पाइसकेको छ । जसअनुसार कम्पनीले आगामी दिनमा आफ्ना ओपिसी र क्लिङ्कर उत्पादनलाई पनि छिमेकी मुलुकका बजारमा निर्यात गर्ने योजना लिएको छ ।रासस

फुलेन सयपत्री, किसान समस्यामा

धनकुटा । जिल्लाको सयपत्री(थुङ्गे) फूलको पकेट क्षेत्र लाँकुरे, स्याउले र सिप्तेन क्षेत्रमा तिहार लक्षित फूल नफूलेपछि यहाँका किसान समस्यामा परेका छन् । धनकुटा नगरपालिका-३ मा एक सयभन्दा बढी किसानले तिहार लक्षित फूल खेती गर्दै आएका छन् ।

यस क्षेत्रबाट हरेक वर्ष तिहारको समयमा रु ५० लाखभन्दा बढीको सयपत्री फुल जिल्ला बाहिर जाने गरेकोमा यस बर्ष समयमा फूल नफुल्दा किसानहरु मारमा परेका वडा अध्यक्ष विकास घिमिरेले जानकारी दिनुभयो । किसानहरुको फूल खेतिमा लगानी र व्यापार राम्रो भएकाले २०७५ सालमा वडाले विशेष अनुदानको व्यवस्था गरेर उन्नत जातको फूल खेती कार्यक्रम सुरु गरेको अध्यक्ष घिमिरेले जानकारी दिनुभयो ।

अध्यक्ष घिमिरेका अनुसार गाउँमा फूल राम्रो उत्पादन भए पनि भारतीय बजारसँग प्रतिस्पर्धा गर्न नसकेपछि पुनः किसान पारम्परिक खेतीमा फर्किएका थिए । किसानले गाउँभरी लगाएका फूल समसमै नफूल्दा समस्यामा परेको लाँकुरे गाउँका २५ वर्षीया नवीन मल्लले जानकारी दिनुभयो ।

गतवर्ष पाँच रोपनीमा फूल लगाएर रु एक लाख ५० हजारमा बेचेका मल्लले यो वर्ष चार रोपनीमा लगाएको फूल भरखर मात्र फूल्न थालेका छन् । मल्लको जस्तै उक्त गाउँमा ५० भन्दा बढी किसानले लगाएको सयपत्री फूल नफूलेपछि तिहारमा फूल अभाव हुने देखिएको उहाँले जानकारी दिनुभयो ।

“जम्मा तिहारमा लक्ष्मी पूजाको एक दिन फूल व्यापार हुन्छ । यो फूल तिहारमा बेच्नेगरी नफुल्ने भो । अब सबै उखालेर फ्याँक्नुपर्ला”, मल्लले भन्नुभयो ।

मल्लको जस्तै सिलिङ्ग्वा टोलका ५३ वर्षीया राजकुमार राईले चार रोपनीमध्ये दुई रोपनीमा लगाएको सयपत्री फुलेको छैन । अगाडि लगाएको फूल अधिक वर्षाको कारण बिग्रिएको र पछि रोपेको फूल फूलेको छैन । “अब काटेर बाख्रालाई घाँस खुवाउने”, राईले भन्नुभयो ।

त्यस्तै १ रोपनीमा फूल रोपेका स्याउलेका राधादेवी घिमिरेले गाउँमा किसानले लगाएको फूल कसैको पनि नफूलेको जानकारी दिनुभयो । छोरालाई भनेर फूल फूलाउने औषधि लगाए पनि तिहारमा फूल्ने छाँटनभएको उहाँले बताउनुभयो । “दसैँमा फूलेको भए तिहारसम्म पुग्थ्यो होला ! तर यो पाली तिहार छिटो आएर पनि फूल नफूल्ने भयो”, उहाँले भन्नुभयो ।

जिल्लामा हाल सयपत्री फूलको व्यवसायीक खेती नभएको र मौसमी खेती मात्र हुनेगरेको कृषि ज्ञान केन्द्र धनकुटाले जानकारी दिएको छ । जलवायु परिवर्तनका कारण मौसम परिवर्तन र कृषि क्षेत्रमा प्रयोग हुने अधिक विषादीका कारण समयमै फूल नफूलेको हुनसक्ने कार्यालय प्रमुख नगेन्द्रबहादुर राणाले जानकारी दिनुभयो ।रासस

कुमाले पेसा जोगाउने ‘दीपा’को प्रयास

तुलसीपुर। कुमाल समुदायका युवा पुस्ताले परम्परागत माटाका भाडा बनाउन छोडे भन्ने गुनासो आइरहँदा दाङ तुलसीपुर उपमहानगरपालिका-७ का युवा भने माटोका भाडा बनाउनतर्फ सक्रिय हुन थालेका छन् ।

स्थानीय दीपा कुमालले माटाका भाडा बनाउने तालिम लिएपछि अहिले माटाका भाडा बनाउन थाल्नुभएको छ । “यो पेसा हाम्रो पुर्खाले गर्दै आएको पेसा हो, यसमा हाम्रो पहिचान पनि जोडिएको छ”, उहाँले भन्नुभयो, “त्यसैले हामीले यो पेसालाई जोगाउनुपर्छ ।” विविएस दोस्रो वर्ष पढ्दै गर्नुभएकी उहाँले आफू माटाका भाडा बनाएरै जीवन पाल्न सक्ने बताउनुभयो । उहाँले पुर्खाले गर्दै आएको पेसालाई जोगाउन युवा सक्रिय हुनुपर्ने बताउनुभयो । पेसा जोगाउन सबै युवा सक्रिय हुनुपर्ने उहाँ बताउनुहुन्छ । “हामीले नगरे यो पेसा लोप हुन्छ”, उहाँले भन्नुभयो, “त्यसैले यो पेसालाई जोगाउन सबै एकजुट हुनुपर्छ ।”

त्यहाँ कुमाल अगुवा पनि यो पेसा जोगाउन चिन्तित देखिन्छन् । ६०/७० घर रहेको कुमाल समुदायमध्ये अहिले १०/११ जनाले मात्रै माटाका भाडा बनाएर बेच्ने गर्छन् ।

त्यसैले यो पेसा लोप हुने खतरालाई कम गर्नका लागि युवा पुस्तालाई तालिम दिन थालिएको अगुवा प्रेम कुमालले बताउनुभयो । “युवाले यो पेसामा चासो नदेखाएपछि हामीले तालिम दिने तयारी पनि गरेका छौँ”, उहाँले भन्नुभयो, “तालिम दिएर उनीहरूलाई व्यावसायिकरुपमा अगाडि बढाउने हाम्रो लक्ष्य छ ।”

अहिले माटाका भाडाको माग पनि बढी छ तर, जनशक्ति नहुँदा भने जति उत्पादन गर्न नसकिएको समेत उहाँको भनाई छ । बजारमा मट्का चिया पसल पनि धेरै खुलेकाले मट्का चियाका लागि कपको माग अत्यधिक हुने गरेको छ । पछिल्लो मागअनुसार प्लेट, कप पुर्‍याउनै गाह्रो हुने गरेको छ । नयाँ पुस्ता पनि माटोका भाडा बनाउनेतर्फ चासो दिनुपर्ने कविराम कुमालले बताउनुभयो । “माग धेरै छ, हामी पहिलेदेखि गर्दै आएका बूढापाखाले यो पेसा अङ्गालिरहेका छौँ, नयाँ पुस्ताले त्यति धेरै चासो नदिएकाले पनि यो पेसा सङ्कट पर्ने हो की भन्ने चिन्ता छ”, उहाँले भन्नुभयो, “तर, केही नयाँ पुस्ताले भने चासो दिइरहेका छन् ।”

नयाँ युवायुवतीलाई सिकाएर घोराही, तुलसीपुरमा माटाका भाडा निर्माण गर्ने स्थान र छुट्टै पसल स्थापना गर्नेसमेत तयारी गरेको उहाँको भनाइ छ । अहिले दैनिक एक जनाले करिब एकसय कप निर्माण गर्दै आएका छन् ।रासस

थुम्पाखरमा व्यावसायिक कालिजपालन

चौतारा । जङ्गलीमा पाइने कालिजको चोरी सिकारी रोक्न घरेलु कालिजपालन सुरु गरिएको छ । पछिल्लो समय आकर्षणमा रहेको जङ्गली कालिजको चोरीशिकारी हुन थालेपछि घरमै व्यावसायिकरुपमा पालन सुरु गरिएको हो ।

विशेष गरी पहाडी भेगभन्दा माथिल्लो स्थानमा पाइने जङ्गली कुखुरा (कालिज)को मासुको माग स्थानीयस्तरमा बढेको छ। लेक तथा पहाडी जङ्गलीमा पाइने जडीबुटी खाएर हुर्कने कालिजको चोरी सिकारी हुँदा लोप हुने अवस्थामा पुगेपछि स्थानीय युवाले घरमै कालिजको व्यावसायिक पालन गरेका हुन् ।

गाउँमै रोजगारीको वातावरण सिर्जना पनि हुने र युवालाई विदेश पलायन रोक्ने उद्देश्यले कालिजपालन सुरु गरिएको हो । स्थानीय युवा मिलेर सिन्धुपाल्चोकको सुनकोशीगाउँपालिका-६ थुम्पाखरमा कालिज व्यवसाय थालनी गरिएको रामचन्द्र कार्कीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो ,“जङ्गलीमा पाइने कालिजलाई लुकीछिपी चोरी सिकारी हुन्छ, यसको रोकथाम हुनुपर्छ भन्ने हामीले ठानेका छौँ । ” उहाँले जङ्गली कालिजकै स्वाद दिलाउने हेतुले घरमै कालिजपालन सुरु गरिएको बताउनुभयो । गाउँकै अन्नलाई दानाको रुपमा प्रयोग गरेकाले जङ्गलीमा पाइने कालिजको जस्तै स्वाद पाइने उहाँको दाबी छ ।

यो व्यवसाय गाउँमै रहेका सात कार्की परिवारका युवा मिलेर गरेका हुन् । उनीहरूले व्यवसायलाई भगवती वाइल्ड एण्ड क्याटल प्रोडक्ट प्रालि नामकरण गरेका छन् । साँगाबाट रिङनेट जातको कालिजको ५३ चल्ला ल्याएर सुरु गरिएको हो । कालिज अहिले मासुका लागि योग्य भइसकेको जनाइएको छ । जङ्गलीमा देखेको कालिज काभ्रेको साँगा र पोखरामा रहेको साथीहरूको फार्ममा पालेको देखेपछि हाइड्रोपावर व्यवसायी रामचन्द्रको मनमा पनि आफ्नो गाउँमा कालिज पालन व्यवसाय गर्ने सोच पलाएपछि आफ्ना दाजुभाइको सल्लाहअनुसार व्यवसाय सुरु भएको हो ।

उहाँका अर्का साझेदार यज्ञराज कार्कीका अनुसार मासुका लागि कालिज मात्र नभएर अण्डा र चल्लासमेत उत्पादन गर्ने लक्ष्यका साथ व्यवसायमा सुरु गरिएको हो । “हामी मासुका लागि कालिजसहित चल्ला र अण्डा उत्पादनलाई पनि जोड दिन्छौँ”, उहाँले भन्नुभयो, “हामी मात्रै नभएर सिङ्गो गाउँ र आसपासलाई कालिजको हब बनाउने हाम्रो लक्ष्य हो ।”

राजधानीका विभिन्न रेष्टुराँमा मात्र नभई जिल्लाकै सुकुटेलगायतका पर्यटकीय क्षेत्रका होटलले कालिज उपलब्ध गराउन आग्रह गरेको अर्का सञ्चालक मधुराम कार्की बताउनुभयो। राम्रो उत्पादन नै सुरु नभई पर्याप्त माग आउन थालेको उहाँले बताउनुभयो । उहाँहरू कालिज हेर्न आउने आन्तरिक पर्यटकलाई होमस्टेको व्यवस्था गरी घरमै कालिजको मासु खाने प्रबन्ध मिलाउने तयारीमा समेत लागेका छन् ।

कालिज पालन सुरु गरेसँगै उहाँहरूले केही समस्या पनि झेलिरहनुभएको छ। कालिजको उपचार गर्ने छुट्टै विशेषज्ञ नहुँदा कुखुरालाई गर्ने उपचार गराउनुपरेको रामचन्द्रले गुनासो गर्नुभयो । अन्य मुलुकमा कालिजको उपचार गर्ने छुट्टै विशेषज्ञ भए पनि नेपालमा अझै यसको व्यवस्था हुन नसकेको उहाँको गुनासो थियो ।

कालिजको बिमा गर्ने व्यवस्था नहुँदा जोखिमसमेत आफैँले व्यहोर्नुपर्ने अवस्था रहेको यज्ञले बताउनुभयो । रासस

भूमि सुधार तथा मालपोत कार्यालय, सर्लाही

३५ दिने सार्वजनिक सूचना

श्री जि. स. साविक गा.वि.स पत्थरकोट वडा न–७ हाल लालबन्दी न.पा वडा न–१६ मा बस्ने सानोनन्द कामीलाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.स. साविक गा.वि.स परमानिपुर वडा न-३ हाल लालबन्दी न.पा वडा न- १६ मा बस्ने रामबहादुर कार्कीको नाउँमा दर्ता कायम रहेको जि.स गा.वि.स पत्थरकोट वडा न. ७ (घ) कि.न २६७ ज.वि. ०-६-१५१/२ जग्गाको मोही महलमा रहेको सानोनन्द कामीको नाम जग्गा नजोतेको मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा यस कार्यालयबाट जारी भएको १५ दिने म्याद हकदावी सम्बन्धि सूचना मिति २०७८-९-३ र मिति २०७८/११/४ को आदेश बमोजिम यो सूचना जारी गरिएको छायो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफु वा ऐन बमोजिमको र प्रमाण सहित वारेस पठाउनु होला ।नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी तथा बाँडफाँड तर्फको कार्यवाही भै जाने ब्योहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन।

मधेश प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

सामाजिक विकास इकाई

जनकपुरधाम, धनुषा

खुल्ला ब्यामशाला उपकरण सहित निर्माण गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र रद्ध गरिएको सूचना

प्रकाशित मिति : २०७९/०७/०१

आ.व. २०७९/०८० मा यस सामाजिक विकास इकाई बाट २०७९/६/५ मा राष्ट्रिय दैनिक पत्रिका जनकपुर टुडेमा प्रकाशन भएको सूचना अनुसार Contract Id: SDU/SQ/079/080/01, Contract Id: SDU/SQ/079/080/02, Contract Id: SDU/SQ/079/080/03 & Contract Id: SDU/SQ/079/080/04 को लागी दर्ता भएका सिलबन्दी दरभाउपत्र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम ९ (क) अनुसारको प्रकृया पुरा नभएको हुंदा उक्त सूचना अनुसारको सिलवन्दी दरभाउपत्र रद्द गरीएको व्यहोरा सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

भूमि सुधार तथा मालपोत कार्यालय, सर्लाही

३५ दिने सार्वजनिक सूचना

जि. स. साविक गा.वि.स हरिवन वार्ड न–७ हाल न.पा हरिवन वार्ड न–९ मा बस्ने भिम बहादुर भुलनलाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.सर्लाही साविक गा.वि.स हरिवन वार्ड न-९ हाल हरिवन न.पा वार्ड न- ११ मा बस्ने स्व.चन्द्रलालको छोरा बुहारी स्व.विष्णुकान्त दहालको श्रीमती रत्न माया दहालको नाउँमा दर्ता कायम रहेको जिल्ला सर्लाही गा.वि.स हरिवन वडा न. ७ (क)साविक कि.न ५४ बाट किता काट भई हाल कायम रहेको कि.न. ६७२ को क्षेत्रफल ०-१-० जग्गाको मोही महलमा भिम बहादुर भुलनको नाउँ उल्लेख भएको मि.न.३७२२ को जग्गा मुद्दामा मिती २०७७/११/६ गतेको आदेशानुसार मोही भिम बहादुर भुलनको नाउँको १५ दिने म्याद तामेल भई आई कार्यवाही अवस्थामा रहेको र निजको नाउँको ३५ दिने सूचना जारी गरिएको छानिजको नाउँमा मोही लगत कट्टा गरि पाउँ भनि निवेदन मिति २०७७/४/१२ गतेको आदेश बमोजिम यो सूचना जारी गरिएको छायो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ दिन भित्र आफु वा ऐन बमोजिमका वारेस पठाउनु होला ।नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टाको कार्यवाही भै जाने ब्योहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन।

‘नेपाल प्रहरीको गौरवशाली इतिहास रहेको छ’

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले नेपाल प्रहरीको गौरवशाली इतिहास रहेको छ बताएका छन् ।

६७ औं प्रहरी दिवसको अवसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्री राउतले प्रहरी निर्वाचनमा कुनै पार्टी वा व्यक्ति विशेषको अधारमा काम गर्नु हुँदैन् बताए ।

उनले चाडपर्वमा सुरक्षा व्यवस्था चुस्त पार्न तथा निर्वाचनलाई भयरहित सम्पन्न हुने गरी सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाउनु पर्नेमा जोड दिए ।

निर्वाचन लोकतन्त्रको गहना भएको बताउदै मुख्यमन्त्री राउतले भने,‘ निर्वाचन भयरहित र शान्तिपूर्ण वातावरणमा हुनुपर्छ,आम जनताले बिनाकुनै दबाब, प्रभावमा आफूले मनपर्ने व्यक्ति, पार्टीलाई मतदान गर्न पाउनुपर्छ,यसका लागि आवश्यक वातावरण बनाउन प्रहरी प्रशासनको भूमिका महत्वपूर्ण हुनेछ ।’

मधेश प्रदेशका प्रहरी प्रमुख डिआइजी मसउद खाँन आलमको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साह, राज्यमन्त्री रुविकुमारी कर्ण, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहसहितको उपस्थिति रहेको थियो ।

त्यस्तै,रौतहटमा पनि प्रहरी दिवस मनाइएको छ । २०१२ सालमा स्थापना भएको प्रहरी संगठनको स्थापना दिवसको अवसर परेर विभिन्न कार्यक्रम आयोजना गरी जिल्ला प्रहरी कार्यालय रौतहट प्रहरी दिवस मनाएको हो ।

जिल्ला प्रहरी कार्यालय गौरमा आयोजना गरिएको कार्यक्रममा अमर प्रहरीका परिवारहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

सम्मान गरिएका अमर प्रहरी परिवार हरुमा सुनीता देवी , दुखिया देवी यादव , साहिना खातून , शेख इश्लाम , राकेश साह , रति देवी साह , निर्मला झा रहेकी छन ।

त्यस्तै, शान्ति सुरक्षामा भूमिका निर्वाह गरेका समाजसेवी बृज किशोर यादव , ग्रामीण विकास केन्द्र नेपालका अध्यक्ष पारस हुसैन , आधारभूत विद्यालय बाल मन्दिरका प्राध्यानध्यापक राम नरेश यादव , गढ़ीमाई नगर पालिका , बृंदाबन नगरपालिकाका शेख असलमलाई कदरपत्र बाट सम्मानित गरिएको छ ।

प्रहरी दिवसको अवसरमा आयोजना गरिएको बैडमिंटन प्रतियोगिता , ४०० मीटर र १०० मीटर दौड़ प्रतियोगिता , घईटो फुटाउने प्रतियोगिताका सफल प्रतियोगीहरुलाई पुरस्कृत गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाहीको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो कार्यक्रममा प्रहरी उपरीक्षक वीर बहादुर बुढामगर र प्रहरी महानिरीक्षक धीरज प्रताप सिंहले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा सुरक्षा निकायका प्रमुख , संघ सस्थाका प्रतिनिधि , पूर्व प्रहरी कर्मचारी , संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

त्यस्तै, जिल्ला प्रहरी कार्यालय सर्लाहीको मलंगवामा अपराध न्यूनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमको प्रमुख आतिथ्यमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षक विजय यादवले संगठन प्रमुख प्रहरी महानिरिक्षक धीरजप्रताप सिंहले पठाएका शुभकामना संदेश वाचन गरेका थिए भने सर्लाही प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रवीण पोखरेलले अपराध न्यूनीकरणका लागि प्रहरीले खेलेको भूमिकाको बारेमा जानकारी गराएका थिए ।

उनले अपराधको प्रवृत्ति परिवर्तन भइरहेको अवस्थामा अपराध न्यूनीकरण तथा दोषीलाई सजाय दिलाउनका लागि सामाजिक विकृत्ति र विसंगति लगायतका चुनौती आएको बारेमा अन्तरक्रिया गरेका थिए ।

सोही अवसरमा कार्यक्रममा प्रजिअ गौतमले प्रहरी कार्यालयको लागि निःशुल्क जग्गा उपलब्ध गराएका जग्गादाता इन्द्रमुनी मैनाली र मंचनिया देवीसहित अमर प्रहरी परिवारलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

यसैगरी, उनले उत्कृष्ट प्रहरी कर्मचारीहरुलाई पुरस्कार,प्रहरी कार्यमा सहयोग पुर्‍याउने व्यक्तिहरुलाई प्रशंसापत्र प्रदान प्रदान गर्नुका साथै पूर्व प्रहरीहरुलाई खाँदा ओढाएर सम्मान गरेका थिए ।

धनुषामा पूर्व मन्त्रीहरुबीच कडा प्रतिस्पर्धा

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा प्रतिनिधिसभाको लागि आठ जना पूर्व मन्त्रीहरु चुनावी मैदानमा छन् । चुनावी एजेण्डासहित उनीहरु मतदाता समक्ष पुगिरहेका छन् । जित हात पार्न निर्वाचन क्षेत्रमा उनीहरु दिनरात व्यस्त छन् । तर विगतमा जितेर मन्त्री भइसकेकाहरुलाई जित्न कति सहज,असहज हुने सबैले चासो पूर्वक हेरिरहेका छन् ।

चार निर्वाचन क्षेत्र रहेको यहाँ तीन क्षेत्रमा पूर्वमन्त्रीहरुबीच नै कडा प्रतिस्पर्धा हुने देखिएको छ। निर्वाचन क्षेत्र नम्बर २ मा तीन पूर्व मन्त्री उम्मेदवार छन् । यहाँ कुनै दलबीच चुनावी तालमेल हुन नसक्दा तीन पूर्व मन्त्रीहरुले आफ्नो दलबाट उम्मेदवारी दिएका छन् । नेकपा एमालेबाट पूर्व मन्त्री उमाशंकर अरगरिया, नेपाली कांग्रेसबाट रामकृष्ण यादव र नेकपा (एकीकृत समाजवादी) बाट पूर्व मन्त्री रामचन्द्र झा उम्मेदवार छन् ।

यहाँ उमाशंकर जित दोहराउने रणनीतिमा छन् भने रामकृष्ण अरगरियालाई हराएर ०७४ को बदला लिने तयारीमा छन् । रामभन्द्र झा पनि जित हात पारेर आफूलाई पुनः स्थापित गर्ने जोडबल गरिरहेका छन् । उनीहरु मत आफ्नो पक्षमा ल्याउन मेहनत गरिरहेका छन् । उम्मेदवारहरुको पार्टी फेरबदलका कारण यहाँको प्रतिस्पर्धा अन्योल देखिएको छ । तर स्थानीय मत परिणाम अनुसार कांग्रेसको अवस्था अन्य दलभन्दा मजबुत देखिएको छ ।

४१ वटा वडा रहेको यस क्षेत्र १९ वटा वडामा पुरै सेट कांग्रेसले जितेको छ भने ६ पालिका रहेको यस क्षेत्रमा एमाले, जसपा र कांग्रेसले दुई/दुई वटा पालिका प्रमुख जितेका छन् । यद्यपि कांग्रेसले जितेको पालिकाको केही वडा मात्रै यस निर्वाचन क्षेत्रमा छन् ।

स्थानीय चुनावमा कांग्रेसले यहाँ २१ हजार दुई सय ३२ मत ल्याएर ठूलो दल बनेको छ । जसपाले १३ हजार आठ सय ८९, एमालेले ११ हजार पाँच सय ८३, माओवादी केन्द्रले १० हजार सात सय ९४, एकीकृत समाजवादीले आठ हजार नौ सय ९७ र लोकतान्त्रिक समाजवादी पार्टीले ६ हजार सात सय मत पाएका छन् ।

यस अघि ०७४ मा तत्कालीन संघीय समाजवादी फोरमबाट अरगरिया निर्वाचित भएका थिए । उनले रामकृष्णलाई पराजित गरेका थिए । तर यस पटकको परिस्थिति फरक छ । निर्वाचनको मुखमा आएर अरगरिया लोसपा त्याग गरी एमालेबाट चुनावमा होमिएका छन् । एमाले त्याग गरी गंगाराम यादव जसपाबाट उम्मेदवार बनेका छन् । अन्तिम समयमा सहमति हुन नसक्दा नेकपा एसबाट रामचन्द्र झाको उम्मेदवारीले यहाँ प्रतिस्पर्धा थप रोचक बनाएको छ । उम्मेदवारको पार्टी फेरबदलले केही असर गर्ने अनुमान गरिएको छ ।

यस्तै, निर्वाचन क्षेत्र नम्बर ३ मा पनि सबैको नजर छ । यहाँ मुख्यतः दुबै गठबन्धनका उम्मेदवार एंव पूर्व मन्त्रीबीच प्रतिस्पर्धा छ । एमाले-जसपाको साझा उम्मेदवार जुली महतो छन् भने पाँच दलीय गठबन्धनबाट लोसपाका अनिल झा उम्मेदवार छन् । यहाँ पनि रोचक प्रतिस्पर्धा छ । गठबन्धनबाट आएका दुबै जना यस पटकका लागि यी क्षेत्रमा नयाँ उम्मेदवार छन् । अनिल झा यस क्षेत्रबाट पहिलो पटक उम्मेदवारी दिएका छन् भने जुली यस यधि निर्वाचनमा भाग लिएका थिएनन् । त्यो भन्दा पहिले उनी कांग्रेस नेता विमलेन्द्र निधिसँग पराजित भएकी थिइन् ।

यहाँ एक लाख १४ हजार १३ मतदाता छन् । चार पालिका यस क्षेत्रमा पर्छन् । दुई पालिका कांग्रेस जसपा र स्वतन्त्रले एक/एक पालिका जितेका छन् । यद्यपि जनकपुरधाम उपमहानगरपालिकाबाट स्वतन्त्र उम्मेदवारी दिएर जितेका मनोज साह कांग्रेस निकट नै छन् । उनले आगामी निर्वाचनमा कांग्रेस सर्मथक उम्मेदवारलाई नै सहयोग गर्न सक्ने अनुमान गरिएको छ ।

यस्तै, निर्वाचन क्षेत्र नम्बर ४ पनि कडा प्रतिस्पर्धा छ । यहाँ पनि दुई पूर्व मन्त्रीबीच प्रतिस्पर्धा छ । एमालेका उम्मेदवार रघुवीर महासेठ जित दोहराउने दाउमा छन् भने कांग्रेसका सह महामन्त्री महेन्द्र यादव महासेठलाई पराजित गरेर ०७४ को बदला लिने रणनीतिमा छन् । यहाँ तीन जनाबीच मुख्य प्रतिस्पर्धा छ । तीनै जना पुरानै उम्मेदवार छन् । जसपाबाट अन्तिम समयमा महाजन यादव उम्मेदवार बनेका छन् । यी क्षेत्रमा पनि प्रदेशसभाका उम्मेदवारले पार्टी फेरबदल गरेका छन् । जसले चुनावी आकलन अन्योल छ ।

निर्वाचन क्षेत्र नम्बर १ मा एक जना मात्रै पूर्व मन्त्रीको उम्मेदवारी परेको छ बाँकी तीन क्षेत्रमा मन्त्रीहरुबीच प्रतिस्पर्धा हुने देखिएको छ । निर्वाचन क्षेत्र १ मा पाँच दलीय गठबन्धनबाट नेकपा माओवादी केन्द्रका नेता तथा पूर्व मन्त्री मातृका प्रसाद यादव उम्मेदवार छन् भने एमाले-जसपा गठबन्धनबाट दीपक कार्की छन् । डा. सिके राउत नेतृत्वको जनमत पार्टीबाट यहाँ निर्वतमान सांसद किशोरी साह (कमल) पनि प्रतिस्पर्धा गरिरहेका छन् ।

> **निर्वाचन क्षेत्र नम्बर २ मा तीन पूर्व मन्त्री उम्मेदवार छन् । यहाँ कुनै दलबीच चुनावी तालमेल हुन नसक्दा तीन पूर्व मन्त्रीहरुले आफ्नो दलबाट उम्मेदवारी दिएका छन् । नेकपा एमालेबाट पूर्व मन्त्री उमाशंकर अरगरिया, नेपाली कांग्रेसबाट रामकृष्ण यादव र नेकपा (एकीकृत समाजवादी)बाट पूर्व मन्त्री रामचन्द्र झा उम्मेदवार छन् ।**

चुनाव प्रचार प्रसारमा भारतीय गाडीको प्रयोग

टुडे समाचारदाता

रौतहट । निर्वाचन प्रचार प्रसारमा भारतीय नम्बर प्लेट भएको सवारी साधन बढी प्रयोग भइरहेको छ ।

मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा उम्मेदवार भएका राजनीतिक दल तथा स्वतन्त्रहरुले भारतीय गाडीको प्रयोग बढी गरिरहेका छन ।

राजनीतिक दलका शीर्ष नेताहरुले बनाएको निर्वाचन आचार संहितामा चुनाव प्रचार प्रसारमा भारतीय सवारी साधन प्रयोग नगर्ने भने पनि उम्मेदवार हरुले भारतीय गाडीको प्रयोग गर्ने गरेको देखिएको छ ।

एउटा उम्मेदवारले २ देखि ४ वटा भारतीय सवारी साधन प्रयोग गर्ने गरेको देखिएको छ। रौतहटमा प्रतिनिधिसभा र प्रदेशसभा गरी २०६ जना उम्मेदवार चुनावी मैदानमा उत्रेका छन् ।

उम्मेदवारहरुले चुनाव चिन्ह पाएको भोलिपल्ट देखि नै घर दैलो कार्यक्रम सुरू गरेका छन् ।

रौतहटको ४ प्रतिनिधिसभा र ८ प्रदेशसभा निर्वाचन क्षेत्रमा उम्मेदवारहरुले आफ्नो प्रचार प्रसारको निरन्तरता दिएका छन् । पार्टीको झण्डा गाडीमा लगाएर घरदैलो गर्ने गरेका छन् । रौतहट निर्वाचन क्षेत्र नम्बर २ का सत्ता गठबन्धनका नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य उम्मेदवार डा.मोहमद फिरदोस आलमले डीजे बाजासहित घर दैलो गर्ने गरेका छन् ।



लागूऔषध गाँजासहित एक भारतीय पक्राउ

टुडे समाचारदाता

मलंगवा । सर्लाही प्रहरीले ९ किलो ८ सय ग्राम लागूऔषध गाँजासहित एक भारतीय युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको सीतामढी जिल्ला सोनवर्षा थाना ग्राम पञ्चायत विसनपुर आधार वडा नम्बर -६ संग्रामपुरका जाकिर हुसेनको छोरा अन्दाजी २७ वर्षीय नुर मोहम्मद रहेको प्रहरीले जनाएको छ।

नजलाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट खुटौनाबाट खटिएको टोलीले चेकजाँच गर्ने क्रममा आइतवार दिउँसो BR 30 Z 6466 नम्बरको मोटरसाइकलमा ४ किलो ९ सय ग्रामको दरले दुइवटा पोका बनाएर राखेको जम्मा ९ किलो ८ सय ग्राम गाजासहित मलंगवा नगरपालिका वडा न-१ भेडियाही गाउँ स्थित ढलान सडक खण्डबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी विजय यादवले जानकारी दिए ।

पक्राउ परेका भारतीय युवक नुर मोहम्मदलाई सशस्त्र प्रहरीले मोटरसाइकल र बरामद भएको लागूऔषधसहित सोही दिन साँझ आवश्यक अनुसन्धानको लागि मलंगवा स्थित जिल्ला प्रहरी कार्यालयलाई बुझाएको प्रवक्ता एवं डिएसपी यादवले जनाए ।

मधेशमा ३४ लाख भन्दा बढी मतदाता

कमलेश ठाकुर

जनकपुरधाम । मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि मधेश प्रदेशमा ३४ लाख भन्दा बढी मतदाता रहेका छन् ।

निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम नामावली अनुसार मधेशमा ३४ लाख ८४ हजार ६ सय २८ मतदाता रहेका छन्।

त्यसमा महिला मतदाताको संख्या पुरुषको तुलनामा कम देखिएको छ । तर मतदाता नमावलीमा नाम रहेको पुरुषहरु वैदेशिक रोजगारीमा रहेका कारण महिलाहरुकै मतदान बढी हुने अनुमान गरिएको छ । मधेशमा १५ लाख ५८ हजार सात सय चार जना महिला, १८ लाख २७ हजार आठ सय ५४ पुरुष र ७० जना अन्य मतदाता रहेको निर्वाचन आयोगले जनाएको छ । प्रदेशका करिब सबै जिल्लामा चार लाखको हराहारीमा मतदाता छन् ।

सप्तरीमा चार लाख १८ हजार तीन सय ७४ कुल मतदाता छन् । पुरुष दुई लाख १७ हजार दुई सय ८२, दुई लाख दश हजार ७१ महिला र २१ जना अन्य मतदाता रहेका छन् । सिरहामा चार लाख २२ हजार १२ कुल मतदाता मध्ये दुई लाख २४ हजार ९९ पुरुष, एक लाख ९८ हजार ६ सय ११ महिला र दुई जना अन्य मतदाता रहेका छन् ।

धनुषामा दुई लाख ५१ हजार ९ सय १५ पुरुष, दुई लाख २१ हजार ६ सय ६५ महिला र सात जना अन्य गरी कुल चार लाख ७४ हजार पाँच सय ८७ मतदाता रहेका छन् ।

त्यस्तै, महोत्तरीमा दुई लाख १५ हजार एक सय ३१ पुरुष, एक लाख ८१ हजार आठ सय ८९ महिला र एक अन्य गरी कुल तीन लाख ९७ हजार ३० मतदाता रहेका छन् ।

सर्लाहीमा पुरुष दुई लाख ५९ हजार चार सय १४, दुई लाख १९ हजार ६ सय १४ महिला र दश जना अन्य मतदाता गरी कुल चार लाख ७९ हजार ३८ मतदाता रहेका छन् ।

यस्तै, रौतहटमा पुरुष दुई लाख २७ हजार दुई सय २९, महिला एक लाख ८८ हजा र दुई सय २५ र अन्य एक गरी कुल चार लाख १५ हजार चार सय ५५ मतदाता रहेका छन् ।

बारामा पुरुष दुई लाख ३६ हजार आठ सय ८०, महिला एक लाख ९६ हजार ६ सय १२ र अन्य १२ गरी कुल चार लाख ३३ हजार पाँच सय चार रहेका छन् ।

पर्सामा पुरुष एक लाख ९४ हजार ९ सय ४, महिला एक लाख ५१ हजार आठ र अन्य १६ गरी कुल तीन लाख ४५ हजार ९ सय २८ मतदाता रहेका छन् ।

यस्तै, मधेश प्रदेशमा ६४ वटा प्रदेशसभा र ३२ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र छन् । प्रदेशमा दुई हजार एक सय ५६ मतदान स्थल र चार हजार दुई सय ३५ मतदान केन्द्र रहेका छन् ।

‘जनताको आवश्यक्तालाई सहज गर्नका लागि मैले उम्मेदवारी दिएको छु’

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टीबाट धनुषा क्षेत्र नम्बर ३ प्रतिनिधिसभाका उम्मेदवार डा. रंजित पजियारले जनताको आधारभूत आवश्यक्तालाई सहजताका लागि आफ्नो उम्मेदवारी दिएका छन् । जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा उनले आफ्नो जितले युवाहरुलाई राजनीतिमा लाग्न प्रेरित गर्ने बताए ।

मुलुकभ्रष्टाचारकोदलदलमा फसेको समयमा जनताको आधारभूत आवश्यक्ता पनि पूर्ति हुन नसकेकाले आफू चुनावी मैदानमा उत्रेको उनले बताए ।

उनले सबै दलका नेता कार्यकर्ताहरुलाई मतदाताले परीक्षण गरिसकेकाले यस पटक आफूलाई यहाँका मतदाताले अवसर दिने विश्वास व्यक्त गरे ।

मुलुकमा शिक्षा, स्वास्थ्य, रोजगारीको अवस्था दयनीय रहेको समयमा यसमा सुधार ल्याउने आफ्नो प्रमुख लक्ष्य रहेको बताए ।

यस मधेश प्रदेशमा स्वास्थ्य सेवाको खस्कदो अवस्थालाई देखेर आफू चिन्तित भएको र त्यसमा सुधार ल्याउने उद्देश्यले राजनीतिमा लाग्ने निर्णय गरेको स्पष्ट गरे ।

प्रदेशमा स्वास्थ्यको स्थिति जर्जर छ नै त्यसमाथि मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्वास्थ्य सेवा प्रदान गर्नुभन्दा राजनीतिको अखाडा बनेकोमा बताए ।

५ हजार घुससहित अपरेटर पक्राउ

अनिल तिवारी

वीरगञ्ज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौडा कार्यालयबाट खटिएको टोलीले ५ हजार रुपैयाँ घुस रकमसहित जिल्ला प्रशासन कार्यालय, पर्साका कम्प्युटर अपरेटर सञ्जय प्रसाद यादवलाई पक्राउ गरेको छ।

अख्तियारको हेटौडा कार्यालयको टोलीले सोमबार प्रशासन कार्यालयको को मुद्दा शाखामा छापा मारी त्यहाँ कार्यरत यादवलाई ५ हजार रुपैयाँ घुससहित रंगेहात पक्राउ गरेको छन् । सेवाग्राहीसँग लिएको ५ हजार घुस रकमसहित यादवलाई अख्तियारको टोलीलेपक्राउगरेकोजिल्लाप्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले जनाए ।

उनले १६ सय जरिवाना तोकेर रोक्का राखिएको जग्गा फुकुवा गराइदिने भनी रकम माग गरेको बुझिएको पौडेलले बताए ।



क्रिकेट खेल्न धनुषा टीम राजविराजमा

टुडे समाचारदाता

जनकपुरधाम । प्रधानमन्त्री कप छनौट प्रतियोगिताको लागि धनुषा क्रिकेट टीम राजविराज प्रस्थान गरेको छ।

मंगलबारदेखि सुरु हुन लागेको एक दिवसीय खेलमा प्रतिस्पर्धा गर्न टीम राजविराज प्रस्थान गरेको हो ।

राजविराजमा एक सातासम्म मधेश प्रदेश स्तरीय प्रतियोगिता हुने छन् । श्रृंखलामा प्रत्येक दिन दुई वटा खेल हुने आयोजक संस्थाको तयारी छ । खेल तालिका अनुसार पहिलो दिन धनुषा क्रिकेट टीमको महोत्तरीसंग सप्तरीको टियु मैदानमा प्रतिस्पर्धा हुनेछ।

हरिशंकर साहको नेतृत्वमा रहेको टीममा रौनक रत्नम, विशाल सुशलिङ्ग, हिमान्सु दत्त, अकबर अलि, विक्रान्त यादव र रञ्जित यादव जस्ता युवा खेलाडीहरु छन् ।

त्यस्तै, टीममा रुपेश यादव, दिव्यांशु मल्लिक, आकाश रोय, साइमोन रोय, संजित मण्डल र सर्फराज अन्सारी टीममा रहेका छन् । चन्दन यादव, साजन यादव, मनोज यादव र अखिलेश ठाकुरको नाम टीम व्यवस्थापकले वैकल्पिक खेलाडीका रुपमा राखेका छन् ।

खेलाडीलाई प्रशिक्षण दिनको लागि टीममा राष्ट्रिय प्रशिक्षक नविन सिंह र टीम म्यानेजर प्रशान्त झालाई पनि सहभागी गराइएको छ । खेलाडीहरुमा यस पटक उच्च मनोवल देखिएको टीम क्यापटन हरिशंकर साहले बताए ।

यस पटक प्रधानमन्त्री कपको लागि मधेश प्रदेश टीममा धनुषा क्रिकेटबाट चार जना खेलाडी छनौट हुन सक्ने उनको अनुमान रहेको छ।

यस अघि प्रधानमन्त्री कपको लागि मधेश प्रदेश टीममा साह, विशाल सुशलिंग, र हिमान्सु दत्त टीममा परेका थिए ।

‘यस पटक राम्रो टीम तयार भएको छ । टीममा बलर, ब्याटस् म्यान र अलराउण्डरलाई समावेश गरिएको छ,’उनले भने,‘राम्रो गर्न सक्ने खेलाडीहरुमा मनोबल पनि देखिएको छ ।’

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८